# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वैदेशिक रोजगार शब्दले हाल आएर समाजमा व्यापकता पाउँदै गएको र प्रत्यक्ष रुपमा अर्थतन्त्रको बिस्तारमा ठूलो भुमिका खेलेको छ । यस शब्दले नेपाली समाजमा लोकप्रियता लिदै आइरहेको छ । हाल वृद्धि भइरहेको विश्वव्यापीकरण र खुल्ला आर्थिक अर्थव्यवस्थामा श्रमको आदान प्रदान र सर्वसुलभ सस्तो श्रमको आयात तथा निर्यातबाट विकास भएको यो शब्द कुनै देशको सिमा नाघेर अर्को देशमा जानु र श्रमको मुल्य लिनु वैदेशिक रोजगार हो । सामन्यतयाः श्रमको अन्य देशमा हुने खपत व्यवस्थालाई वैदेशिक रोजगार भनिन्छ । तर छिमेकी मुलुक भारतमा गइ गरिने सैनिक, अर्ध सैनिक र व्यक्तिगत कामलाई वैदेशिक रोजगार मानिदैन् । प्रवेशाज्ञा प्रक्रियाद्वारा जान मिल्ने देशलाई मात्र यहाँ उल्लेख गरिएको छ ।

सन् १९५० को सन्धि अनुसार नेपाल र भारतमा दुवै देशको जनतालाई स्वतन्त्रतापूर्वक आवतजावत गर्न दिइने, सम्पत्ति र सुरक्षाको अधिकार दिइएकाले पनि कुनै पनि व्यक्ति आवतजावत गर्न कुनै रोकतोक छैन । तर अन्य देशमा जाँदा राहदानी र प्रवेशाज्ञाको व्यवस्था नभइ नहुने कुराहरु हुन् । शाब्दिक अर्थमा वैदेशिक रोजगार भन्नाले स्वदेश बाहिरको नोकरी वा निश्चित ज्याला भन्ने बुझिन्छ । यसरी विश्वको वा एक देशको श्रम बजारको श्रम शक्ति अर्को देशको श्रम बजारमा व्यवस्थित रुपमा गई रोजगार गर्नुलाई वैदेशिक रोजगार भनिन्छ र विश्व श्रम बजारमा रहेका श्रमशक्तिको व्यवस्थित निर्यात गर्ने कार्यलाई वैदेशिक रोजगार व्यवसाय भनिन्छ (पन्डित, २०५६ः १) ।

सन् १८१५ मा तत्कालिन ब्रिटिस साम्राज्यले भारतमा गोर्खा सैनिक बटालियन स्थापना गरेपछि नेपालमा वैदेशिक रोजगार शुरुवात भएको हो । सन् १८१५ भन्दा पहिलादेखि नेपाली कामदारहरु भारतको आसाम, मेघालय, मणीपुर, वर्मा, भुटान, दार्जिलिङ्ग आदि ठाउँमा आप्रवासी वा रोजगारीका लागि आवतजावत गरेको पाइएको छ । यी स्थानहरुमा नेपाली कामदारहरु जंगल फडानी, कोइला खानी, कृषि, चिया बगान, रबर खेति आदि क्षेत्रमा रोजगारीमा जाने प्रचलन बढ्दो मात्रामा छ । भारत बाहेक तेस्रो मुलुकमा गैर सरकारी क्षेत्रमा रोजगारीका लागि जाने प्रक्रिया भने करिब २ दशक अगाडिदेखि शुरु भएको

हो (पोखरेल, २०५७: १८) । यसरी नेपालीहरु रोजगार र व्यापार-व्यवसायको लागि भारत लगायत अन्य देशमा जाने प्रचलनबाट नै वैदेशिक रोजगारको शुरुवात भएको हो ।

नेपालबाट वैदेशिक रोजगारका लागि विदेशमा जाने थालनी करिब २०० वर्ष अघिदेखि भइ आएको पाइन्छ । त्यस्तै वैदेशिक रोजगारको शुरुवात ब्रिटिस गोर्खा सेनाबाट भएको पाइन्छ । यसरी बिगत २० वर्ष यतादेखि नेपाली कामदारहरु मुख्य रुपमा खाँडी मुलुक तथा मलेसियामा संस्थागत रुपमा वैदेशिक रोजगारको लागि जाने गरेको पाइएको छ (Aakarshan International Pvt. Ltd, 2010) I

नेपाल जीवनस्तर सर्वेक्षण ०६६/६७ तेस्रो अनुसार समग्रमा विगत ७ दिनमा कुनै व्यक्तिले कम्तिमा १ घण्टा कुनै आर्थिक काम गरेको भए सो व्यक्तिलाई हाल “रोजगार” भएको मानिन्छ । अर्कोतर्फ विगत ७ दिनमा कुनै काम नगरेको तर कामको खोजिमा रहेको, काम पाउने आश्वासना पाएको व्यक्तिलाई “बेरोजगार” भनिन्छ । यसरी “रोजगार” र “बेरोजगार” व्यक्ति आर्थिक रुपमा सक्रिय मानिन्छ र यि दुइको जोडलाई “श्रमशक्ति” भनिन्छ (के.त.वि., २०६८: ४३) । यसरी आर्थिक रुपमा आम्दानी गर्न सक्षम भएको रोजगार र बेरोजगार व्यक्तिहरुलाई श्रमशक्ति भनिन्छ ।

अविकसित राष्ट्रहरुको सुचिमा पर्ने नेपाल पनि गरिबी, शिक्षा, स्वास्थ्य, द्वन्द, भोकमरि आदि जस्ता समस्याबाट टाढा रहन सकेको छैन । कृषि प्रधान देशको रुपमा चिनिने भएता पनि कृषि क्षेत्रको उचित र वैज्ञानिक रुपले विकास हुन सकेको छैन । कृषि क्षेत्रमा निर्भर बहुसंख्यक जनताको आर्थिक स्तर अझै पनि आधारभूत आवश्यकता परिपूर्तिका लागि भौतारिनुपर्ने अवस्था नै छ (डाँगी, २०६८: १) । त्यहि भएर नेपाली समाजमा “घर नखाएको छोरी त पाइन्छ तर प्रदेश नपसेको छोरा” पाउन गाह्रो नै पर्ने भइसकेको छ । यसरी विदेशिने क्रममा नेपालीहरु खाँडी मुलुक, यूरोप, अमेरिका मुलुकका साथै सार्कका केहि देशहरुमा पनि रोजगारीको सिलसिलामा जाने गरेको पाइएको छ (Sharma, 2008) । नेपालको सन्दर्भमा विदेशिने श्रम शक्तिलाई हेर्दा पहिलो प्रकारको जनशक्ति श्रमिकको रुपमा, दोस्रो प्रकारको जनशक्ति अध्ययनको रुपमा र तेस्रो प्रकारको जनशक्ति श्रमिक र अध्ययन दुवै रुपमा वैदेशिक रोजगारमा जाने प्रचलन छ । यसप्रकार अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा जाने प्रमुख कारणहरु गरिबी, दिर्घकालिन रोजगारीको अभाव, साथिभाई गएको देखेर, घरपरिवारको सल्लाहले र धेरै कमाइ गर्न सकिन्छ भनी संलग्न भएका छन् ।

## १.२ समस्याको कथन

नेपालमा जनसंख्या वृद्धि र औधोगिकरणको कमिले देशभित्रको जनशक्ति त्यसै खेर गइरहेको छ । देशभित्रका अत्यधिक जनशक्ति कृषिमा भर परेका र अन्य रोजगारीको वैकल्पिक उपायहरु कम भएको अवस्थाले पनि वैदेशिक रोजगार एक महत्वपूर्ण विकल्पको रुपमा देखा परेको छ । कृषि क्षेत्रको विकास नेपालको मेरुदण्ड भएता पनि उचित र वैज्ञानिक रुपले विकास हुन नसकि कृषि उत्पादनमा ह्रास आइ आधारभूत आवश्यकता परिपूर्ति गर्नमा नै नेपालीहरुलाई धौ-धौ परिरहेको अवस्था छ । त्यसैगरि १० वर्षे जनयुद्धका कारण लथालिङ्ग भएको नेपालको विकासका पूर्वाधारहरु हालसम्म पनि राजनैतिक स्थिरता कायम नभएर देश विकासका क्रियाकलापहरु सुचारु रुपले सञ्चालन हुन सकिरहेको छैन । जसको कारण बेरोजगारी र अर्धबेरोजगारी दुवै वैदेशिक रोजगारमा जान बाध्य भएका छन् (डाँगी, २०६८: २) ।

वर्तमान समयमा हेर्दा यहाँ रोजगारी, अर्धरोजगारी र बेरोजगारी गरि ३ खालका श्रमशक्तिहरु देख्न सकिन्छ । रोजगार वर्गमा पनि आफ्ना आधारभूत आवश्यकता परिपूर्ति जेनतेन भएता पनि हाल शिक्षामा आएको प्रतिस्प्रर्धाका कारण आफ्ना सन्तत्तिहरुलाई राम्रा तथा प्राइभेट स्कुलमा पढाउने चलन वृद्धि भइरहेको छ । तसर्थ ति रोजगार वर्गलाई पनि आफ्नो घरायसि आवश्यकता परिपूर्ति गर्न धौ-धौ परिरहेको छ र विदेशमा गई धेरै कमाइ हुन्छ भनेर, भविष्यमा धन-सम्पत्ति धेरै जोड्न सकिन्छ भनेर र आफ्नो पारिवारिक जीवन सुखमय पार्न सकिन्छ भनि वैदेशिक रोजगारमा गएका छन् । त्यस्तै अर्ध बेरोजगारी वर्गमा पनि आफ्ना आधारभूत आवश्यकता परिपूर्तिमा समस्या परिरहेको छ । ती आधारभूत आवश्यकता परिपूर्ति सहज र सरल हुनुका साथै केहि कमाइ बचत गर्न सकिन्छ भनि वैदेशिक रोजगारमा संलग्न भएका छन् । अर्काथरी वेरोजगार वर्गमा दक्ष तथा अदक्ष दुवै खालका जनशक्ति पर्दछन् । यी जनशक्तिहरुमा पनि स्वदेशमा आफ्नो योग्यता, क्षमता अनुसारको रोजगार नपाएर, पढाइ बिचैमा छाडेका, आर्थिक अवस्था कमजोर भएका, साथीभाई विदेशिएको देखेर, घर-परिवारको सल्लाह आदि कारण पनि  वैदेशिक रोजगारमा जान बाध्य भएको देख्न सकिन्छ ।

अहिलेसम्म यस विषयमा यस क्षेत्रबाट कसैले पनि अध्ययन नगरेको र वैदेशिक रोजगारमा बढि व्यक्ति संलग्न भएको पाइन्छ । अध्ययन क्षेत्रका संलग्न व्यक्तिहरु र वैदेशिक रोजगारको सम्बन्ध आर्थिक पक्षसित हुने भएकाले आर्थिक परिवर्तनसँगै सामाजिक परिवर्तन

सम्बन्धित हुन्छ । वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अघि गरिबीले गर्दा विदेश गएपछि कमाई वृद्धि भएर घरपरिवार चलाउन सहज भएर साहु-महाजनसित ऋण काढ्नु नपर्ने र समाजका मध्यम वर्गिय व्यक्ति सरह सम्मान पाइ समाजका विविध कार्यक्रमहरुमा सरिक हुने अबसर पाएको बताए । यसरी विभिन्न समस्या (बेरोजगारी, गरिबी, अरुको देखासिकी, अध्ययन गर्न, धेरै कमाइ गर्न) ले नेपाली श्रमिकहरु वैदेशिक रोजगारमा जाने आकर्षण वृद्धि हुनुको कारण र तिनीहरुले वैदेशिक रोजगारबाट कमाएको रकमले उनीहरुको पारिवारिक जीवनस्तरमा आएको आर्थिक परिवर्तन हेर्ने सवाल सहित यो शोध निर्देशित गरिएको छ ।

(क) वैदेशिक रोजगारमा संलग्न परिवारको वैदेशिक रोजगारमा जानु अघि र गइसकेपछिको आर्थिक अवस्था कस्तो छ ?

(ख) वैदेशिक रोजगारमा संलग्न परिवारले वैदेशिक रोजगारबाट प्राप्त रकम कहाँ-कहाँ प्रयोग गर्दोरहेछन् ?

(ग) वैदेशिक रोजगारमा संलग्न हुने कारण के हो ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मूल उद्देश्य वैदेशिक रोजगारमा संलग्न तथा पारिवारिक जीवनस्तरमा आर्थिक परिवर्तनको अध्ययन गरि वैदेशिक रोजगारप्रति आकर्षण बढ्नुको कारण पत्ता लगाउनु हो ।

१. वैदेशिक रोजगारले घरपरिवारको तहमा ल्याएको आर्थिक परिवर्तन व्याख्या गर्न ।

२. वैदेशिक रोजगारले सामाजिक कारणहरु विश्लेषण गर्न ।

## १.४ अध्ययनको महत्व

यस अध्ययन क्षेत्र अर्न्तगत अध्ययनको उद्देश्य अनुसार राखिएका प्रश्नहरुलाई आधार बनाएर तथ्याङ्क संकलन विधिहरु जस्तैः- अवलोकन, समुह छलफल, अन्तर्वार्ता, वैयक्तिगत अध्ययन आदिको प्रयोग गर्दै अध्ययन क्षेत्र सर्लाही जिल्लाको शंकरपुर गा.वि.स. वाड नं. ५ का वैदेशिक रोजगारमा संलग्न तथा उनीहरुको पारिवारिक जीवनस्तरमा आएको परिवर्तन तथा असर र सामाजिक सम्बन्धका साथै वैदेशिक रोजगारप्रतिको कारणका विषयमा विविध प्रकारका सूचनालाई आधार बनाएर अध्ययन निश्कर्षको अन्तिम रुप प्रस्तुत गरिएको छ । यस विषयमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ता तथा संघसंस्थालाई यो द्धितिय स्रोत हुनसक्छ । यस अध्ययनले भविष्यमा अध्ययन गर्न चाहने अनुसनधानकर्तालाई मार्गदर्शनको काम गर्न सहयोग गर्दछ । यतिमात्र नभएर

समाजशास्त्रीय हिसाबले वैदेशिक रोजगारीलाई बुझ्ने र अध्ययन गर्न चाहने भावी अनुसन्धानकर्तालाई पनि यो एउटा जानकारी प्राप्त गर्न सहयोगी हुनसक्छ ।

## १.५ अध्ययनको संगठनात्मक स्वरुप

प्रस्तुत शोधलाई छ भागमा विभाजन गरिएको छ । यस शोधपत्रको अध्याय एकमा विषयवस्तु अध्ययनको लागि प्रष्ट पार्ने परिचय दिने खालको पृष्टभूमिबाट शुरु गरिएको छ । साथै वैदेशिक रोजगारको परिभाषा, समस्याको कथन, अध्ययनको उद्देश्य र अध्ययनको महत्वको बारेमा पनि उल्लेख गरिएको छ ।

यस शोधको अध्याय दुईमा पूर्व साहित्यको अध्ययन क्रममा वैदेशिक रोजगारका बारेमा समाजशास्त्रीय तथा विद्धवानहरुका साथै अन्य व्यक्तिहरुले वैदेशिक रोजगारसम्बन्धी गर्नुभएको अध्ययनलाई पनि उल्लेख गरिएको छ । साथसाथै वैदेशिक रोजगारलाई सैद्धान्तिक अवधारणासँग जोडेर सम्बन्ध देखाइएको छ ।

अध्याय तीनमा अध्ययन क्षेत्र अर्न्तगत शंकरपुर गा.वि.स. को वार्ड नं. ५ कल्याणपुरलाई छनौट गरिएको छ । यस वार्डबाट वैदेशिक रोजगारमा संलग्न भएकाहरुलाई अनुसन्धान पद्धति, अनुसन्धान ढाँचा, तथ्यांङ्कको प्रकृति, अध्ययन क्षेत्रको औचित्य, तथ्यांङ्क संकलन विधि अर्न्तगत घरधुरी सर्वेक्षण, प्रश्नावली, अन्तर्वार्ता, सहभागीमूलक अवलोकन, वैयक्तिक अध्ययन र समुह छलफल गरि तथ्याङ्कलाई विश्लेषण गरिएको छ ।

अध्याय चारमा भौगोलिक तथा सामाजिक परिचय अर्न्तगत अध्ययन क्षेत्रको परिचय लगायत यस क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्नहरुको समुदायगत विवरण, उमेर, लिङ्गगत संरचना, पेशा, आम्दानी, जमिन, पशुपंक्षी, वैदेशिक रोजगारमा जानुपर्ने कारण आदिको वारेमा उल्लेख गरिएको छ ।

अध्याय पाँचमा वैदेशिक रोजगार र आर्थिक तथा सामाजिक सम्बन्ध अर्न्तगत वैदेशिक रोजगारको इतिहास, वैदेशिक रोजगारको प्रक्रिया र वैदेशिक रोजगारमा संलग्न र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक अवस्था, आर्थिक विवरण, पेशा, आम्दानी तथा खर्च, आर्जित पैसाको उपयोग, सामाजिक तथा सांस्कृतिक प्रभाव र वैदेशिक रोजगारप्रतिको धारणाका बारेमा उल्लेख गरिएको छ ।

अध्याय छ मा यस शोधपत्रको लागि जति पनि अनुसन्धान गरिएको छ, त्यसको शिलशिलाबद्ध सारांश र निश्कर्षको बारेमा उल्लेख गरिएको छ ।

# अध्याय - दुई
# पूर्व साहित्यको अध्ययन

## २.१ नेपालमा वैदेशिक रोजगारको इतिहास

वैदेशिक रोजगार भनेको नेपाली नागरिकले विदेशमा पाउने रोजगार वा श्रोत सृजना र त्यसको परिचालनका लागि बजार विकास गर्नु हो । नेपालमा वैदेशिक रोजगारको शुरुवात १६ औं शताब्दीमा राम शाहको पालाबाट भुटानका राजाको गुम्बा निर्माण गर्न सिकर्मी, डकर्मी, धातुकर्मीको रुपमा कामदार आपूर्ति र चीनमा अरनिकोलाई मूर्ति बनाउन लगे पश्चात शुरु भएको भएता पनि मूलतः भारत, संयुक्त अधिराज्य, ब्रुनाइ, मलायमा काम गर्ने लाहुरेबाट प्रथम विश्वयुद्धताका यसको विकास भएको पाइन्छ (Foreign employment sector, 2012) । यसरी एक देशको श्रमिक अर्को देशमा रोजगारको लागि जाने परिपाटिबाट नै वैदेशिक रोजगारको शुरुवात भएको हो ।

वास्तवमा वैदेशिक रोजगारको शुरुवातको इतिहास धेरै पहिलादेखि शुरु भएता पनि नेपालबाट विदेश जाने थालनी करिब २०० वर्ष पहिले अर्थात सन् १८१४ मा नेपाल र इष्टइन्डीया कम्पनी सरकारबीच भएको युद्ध समाप्तिपछि देखि भएको पाइन्छ । यसरी सर्वप्रथम वैदेशिक रोजगारको शुरुवात ब्रिटिस गोर्खा सेनाबाट भएको हो । संगठित र असंगठित रुपमा विदेशी सैनिक सेवा र अन्य कामदारको रुपमा नेपालीहरु विदेश जाने क्रम धेरै लामो समयसम्म चलिरहेको पाइन्छ । विगत २० वर्ष यतादेखि नेपाली कामदारहरु मुख्य रुपमा खाँडी मुलुक तथा मलेसियामा संस्थागत रुपमा वैदेशिक रोजगारका लागि जाने गरेको पाइन्छ । वैदेशिक रोजगार हाल बाध्यात्मक हुनुको प्रमुख कारण देशमा भएको बेरोजगारी समस्या, आन्तरिक द्वन्द तथा स्वदेशी उधोग तथा कलकारखाना क्रमशः बन्द हुँदै जानु पनि हो (Aakarshan International pvt.Ltd, 2012) । नेपालीहरु विदेशिनुमा शिक्षित तथा वौद्धिक वर्गले पनि आफ्नो क्षमता अनुसारको रोजगार नपाउनु, गरिबी, सिजनेबल रोजगार, साथिभाई गएको देखेर, धेरै कमाइ गर्न र भर्खरै बामे सर्न लागेको घरेलु उधोगबाट उत्पादित सामानले विदेशी उत्पादनसित प्रतिस्प्रर्धा गर्न नसकेर धारासायीमा पर्न गयो । यसरी नेपालीहरु रोजगारको लागि विदेश जाने प्रचलन शुरु भएको हो ।

सन् १८१५ भन्दा अगाडी नेपालीहरु भारतको आसाम, मणिपुर, मेघालय, दार्जिलिङ्ग, भुटान, वर्मा आदि ठाउँहरुमा वैदेशिक रोजगारीको लागि गएको पाइन्छ । ती ठाउँहरुमा

नेपाली श्रमिकहरुद्वारा कृषि, कोइला खानि, जंगल फडानी, रबर खेति, चिया बगान जस्ता आदि क्षेत्रमा रोजगारीका लागि जाने गरेको पाइन्छ । यसका साथै उनीहरुले विदेशमा सिकेका सीपलाई समेत सँगै ल्याएको पाइन्छ । जसको उदाहरण नेपालमा सञ्चालित चिया खेतिलाई लिन सकिन्छ (गौतम, २०५८: १०) । यसरी नेपाल र भारतको खुल्ला सिमानाका कारण धर्म, संस्कृति, आर्थिक, सामाजिक आदि पक्षहरुको समानताका कारण पनि बिना रोकावट नेपालीहरु जाने आउने गरेको धेरै पहिलादेखि पाइन्छ ।

सन् १८१६ को सुगौली सन्धिपछि तत्कालिन सम्झौता अनुरुप इष्टइण्डिया कम्पनिले ३ वटा रेजिमेन्ट स्थापना गरि लाहोरमा राखियो । यसरी रेजिमेन्टमा भर्ना हुन प्रायः नेपालीहरु लाहोर जाने गर्दथे । त्यसैले लाहोर जाने नेपालीले उसका परिवारका अन्य सदस्यहरुलाई पनि सँगै लाने र त्यहाँका कलकारखाना, होटल आदिमा काममा लगाउन थाले । यसप्रकार इष्टइण्डिया रेजिमेन्टमा भर्ना हुनेहरुमा हालको गोर्खा, लमजुङ्ग, तनहुँ, कास्की आदि क्षेत्रबाट बढि जाने र त्यसबेलाको नेपाली पहिचान नेपालीभन्दा गोर्खालीको नामले चिनिन थालियो । यसरी विदेश हिन्दुस्तान जाने आउने नेपालीलाई नेपालमा "लाहुरे" र विदेशमा गोर्खाली भन्न थालिएको हो (पोखरेल, २०५७: ४) ।

सन् १९५० पछि अर्थव्यवस्था खुल्ला रुपमा अगाडी बढ्न थालेको पाइन्छ । सन् १९६३ पछि नेपाली आप्रवासीहरुलाई विविध ठाउँमा दुःख दिएको, रोजगारीमा गएका व्यक्तिले दुःख पाएका समाचारहरु प्रकाशमा आउन थालेपछि निजि क्षेत्रहरुको सहभागिता पनि विभिन्न देशहरुमा वृद्धि हुन थालेको पाइन्छ । नेपाल सरकारले वि.सं. २०२८ सालमा श्रम विभाग र वि.सं. २०३८ सालमा श्रम मन्त्रालयको गठन गरि श्रमलाई व्यवस्थित र परिमार्जित गर्दै लाने निति लिएको हो (डाँगी, २०६८: ६) । यसरी मन्त्रालयको गठन भएपछि विशेषगरि वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरि आउनसक्ने जटिल समस्याको समाधानका लागि वि.सं. २०४२/०३/०२ गतेबाट लागु हुने गरि वैदेशिक रोजगार ऐन २०४२ को स्थापना भयो । यो ऐन बनेपछि वैदेशिक रोजगारको क्षेत्रमा केहि सरलता र परिमार्जन भएकाले यस क्षेत्रको संस्थागत विकासमा परिवर्तन आयो । पछि यस ऐनलाई विभिन्न समयमा संशोधन गरि हाल मिति २०६४/०५/१९ गतेबाट लागु हुने गरि संशोधित वैदेशिक रोजगार ऐन २०६४ निर्माण भएको हो (वैदेशिक रोजगार ऐन, २०६४) ।

वैदेशिक रोजगार ऐन २०४२ बमोजिम कार्य क्षेत्र बिस्तार गरि श्रम तथा रोजगार प्रवर्द्धन विभाग नामाकरण गरिएको हो । वैदेशिक रोजगारीलाई अझ मर्यादित, व्यवस्थित र

सुरक्षित बनाउनको लागि मिति २०६५ पौष १६ गते वैदेशिक रोजगार विभागको छुट्टै स्थापना भएको छ । हाल वैदेशिक रोजगार विभाग अर्न्तगत अन्तराष्ट्रिय विमानस्थलमा श्रमकक्ष १, आगमन कक्ष १, तथा कोरिया अनुमति प्रणाली (इ.पि.एस) शाखा समेत रहेको छ (Weeklynepal, 2011) । नेपाल जीवनस्तर सर्वेक्षण अनुसार विगत ७ दिनमा कुनै व्यक्तिले कम्तिमा १ घण्टा कुनै आर्थिक काम गरेको वा सो अबधिमा बिदामा बसेको भएता पनि सो व्यक्तिलाई हाल "रोजगार" भनिन्छ (के.त.वि., २०६८:४३) ।

अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३ मा रोजगारीलाई २ भागमा वर्गिकरण गरेका छन्:-

(क) तलबी रोजगार : कुनै पनि व्यक्तिले कुनै निश्चित समयमा बिदामा बसेको भएता पनि उनीहरु त्यो कामप्रति औपचारिक रुपमा सम्बन्धित हुन्छन् भने त्यो सम्पूर्ण तलब रोजगार अर्न्तगत पर्दछ । यसरी कुनै व्यक्तिले निश्चित समयमा कुनै काम आम्दानीको उद्देश्यले गर्दछ भने तलबी रोजगार अर्न्तगत पर्दछ ।

(ख) स्वरोजगार : कुनै पनि व्यक्ति आफैंले व्यपार-व्यवसाय संचालन ज्याला नलिएर पारिवारिक पालनपोषण नगद वा जिन्सिका लागि आफैंले गर्ने कामलाई स्वरोजगार भनिन्छ (डाँगी, २०६८: ६) । यसरी कुनै पनि व्यक्ति स्वयंले व्यापार-व्यवसाय तलव नलिई सित्तैमा गर्दछ भने त्यसलाई स्वरोजगार भनिन्छ ।

नेपालको अधिकांश जनता ग्रामिण क्षेत्रमा बसोबास गर्दछन् । आर्थिक रुपले सक्रिय जनसंख्याको ७६ प्रतिशत जनता कृषि पेशामा संलग्न भएको पाइएको छ (के.त.वि., २०५८: ३८) । यसप्रकार नेपालीहरु कृषि पेशामा बढि संलग्न हुनुको मुख्य कारण अशिक्षा र परम्परागत पेशा अपनाउनाले हो भन्ने लागेको छ ।

ग्रामिण क्षेत्रमा उत्पादन र रोजगारीको अबसर कम हुने र कृषि पेशा पनि जीवन धान्ने खालको हुँदा वार्षिक थप भएका श्रम शक्तिहरुलाई रोजगारको समस्या परिरहेको छ । यहाँका उधोग तथा कलकारखानाहरुमा रोजगारीको खोजिमा नै ग्रामिण क्षेत्रबाट शहर पसेको पाइन्छ । शहरमा पनि जनसंख्याको अत्यधिक चाप र आन्तरिक बसाइसराइका साथै कामको खोजिमा आउने, खुल्ला सिमानाका कारण हुने बाह्य बसाइसराई एवं कामको खोजीमा यहाँ आउने भएकाले पनि बेरोजगारी झन बिकराल समस्याको रुपमा देखिएको छ । यहि कुरालाई ध्यानमा राखि नेपाल सरकारले मुलुकभित्र दिर्घकालिन व्यवस्थामा सुधार

गर्दै आइरहेको छ (पण्डित, २०५६: ४१) । यसरी मुलुकभित्र दिर्घकालिन व्यवस्थामा सुधार गर्ने मुख्य कारक तत्व वैदेशिक रोजगार बन्न गएको देखिएको छ ।

नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारबाट प्राप्त रकमले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । विप्रेषण भन्नाले “विगत १२ महिनामा परिवारलाई आफ्नो परिवारको अनुपस्थित सदस्य वा अन्य कसैले स्वदेश वा विदेशबाट पठाएको रकमलाई जनाउँछ” (के.त.वि., २०६८: ४९) । यसरी आफ्नो परिवारको अनुपस्थितिमा देश वा विदेशबाट पठाएको रकम नै विप्रेषण हो ।

आर्थिक वर्ष २०६६/०६७ मा विप्रेषणको वृद्धिदर १० प्रतिशत थियो । अघिल्लो वर्षको यो वृद्धिदर ४७ प्रतिशत थियो । आ.व. २०६६/०६८ को पहिलो २ महिनामा ३८ अर्ब रुपिया विप्रेषण नेपालमा आएको थियो । गत वर्षको यसै अबधिमा यो अंक ३४ अर्ब रुपिया थियो (Ekantipur, 2066)। यसरी नेपालमा वैदेशिक रोजगारबाट प्राप्त रकम एउटा आय आर्जनको मुख्य स्रोत रहेको पाइन्छ ।

यसरी विगत १५ वर्षमा विप्रेषण प्राप्त गर्ने परिवारहरुको प्रतिशत क्रमशः वृद्धि हुँदै गइरहेको छ । पहिलो सर्वेक्षणले जम्मा २३ प्रतिशत परिवारले विप्रेषण प्राप्त गरेकोमा अहिले तेस्रो सर्वेक्षणमा विप्रेषण प्राप्त गर्ने परिवार ५६ प्रतिशत पुगेको देखाएको छ । परिवारको आम्दानीमा विप्रेषणको हिस्सा पनि वृद्धि हुँदै गएको छ । सन् १९९५/९६ मा यो २७ प्रतिशत थियो भने सन् २०१०/११ मा ३१ प्रतिशत रहेको थियो । स्रोतका अनुसार प्राप्त विप्रेषणको संरचनामा परिवर्तन आएको पाइएको छ । यसप्रकार परिवारको आम्दानीमा विप्रेषणको हिस्सा कुल आम्दानीको ३१ प्रतिशत ओगटेको छ (के.त.वि., २०६८: ५०) । यसरी विप्रेषणको प्रतिशत दिनप्रतिदिन वृद्धि हुँदै जानुले देश विकासलाई टेवा दिदै आइरहेको छ । यो दिन प्रतिदिन वृद्धि हुनुको कारण देशमा वेरोजगार र युवा वर्ग विदेशिने परिपाटी प्रमुख कारक तत्व मान्न सकिन्छ ।

आ.व. ०६३/०६४ मा रु. २ सय ५ अर्बको हाराहारीमा मात्र विप्रेषण आउथ्यो । त्यसको २ वर्षपछि आ.व. ०६५/६६ मा विप्रेषणको आकार बढेर रु. २ खर्ब ९ अर्ब ७३ करोड र आ.व. ०६७/६८ मा २ खर्ब ५५ करोड रुपियाँ विप्रेषण भित्रिएको थियो । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण कुल ग्राहस्थ उत्पादनको करिब २२ प्रतिशतको हाराहारीमा रहेको छ (Maharjan, 2012)। अहिले वैदेशिक रोजगारमा लाखौंको संख्या छन् । यो संख्या

दिनदिनै बढ्दै छ । वैदेशिक रोजगारीको कारण विप्रेषणमार्फत ठूलो धनराशि भित्रिरहेको छ र यो विप्रेषणबाट मुलुकको अर्थतन्त्रमा योगदान पुग्दै आएको छ भन्न सकिन्छ ।

नेपाल सरकारबाट गत आर्थिक वर्ष ०६७/६८ मा वैदेशिक रोजगार व्यवसाय संचालन गर्न दिएका ११९ मेनपावर र इजाजत पत्र रद्द गरिएका २० वटा मेनपावर कम्पनी रहेका छन् । गत असार मसान्तसम्म चाहि ९९१ मेनपावर कम्पनिलाई वैदेशिक रोजगार संचालन इजाजत दिएकोमा २३५ मेन पावरको इजाजत रद्द भइ हाल ७५६ वटा मेनपावर कम्पनीले व्यवसाय संचालन गरिरहेका छन् (Americadarpan, 2011) l

यसरी नेपाल सरकारबाट संस्थागत रुपमा बैदेशिक रोजगारका लागि खुल्ला गरिएका १०८ वटा देशहरुमध्ये हाल केहि देशहरुलाई रोक्का गरि खुल्ला गरिएका देशहरु ४२ छन् । जसको नामावली यसप्रकार छ ।

| | | | | |
|---|---|---|---|---|
| १.अफगानिस्तान | २.बंगलादेश | ३.बेलजियम | ४.वोलिभिया | ५.बुलगेरिया |
| ६.कानेडा | ७.चीन | ८.चिली | ९.कोलम्बिया | १०.ब्राजिल |
| ११.कम्बोडिया | १२.क्यूवा | १३.डेनमार्क | १४.इजिप्ट | १५.फिनल्याण्ड |
| १६.फिजी | १७.इन्टोनिया | १८.फ्रान्स | १९.जर्मनी | २०.बेलायत |
| २१.गृस | २२.हंगकंग | २३.हंगेरी | २४.आईसल्याण्ड | २५.इन्डोनेसिया |
| २६.ईजरायल | २७.जापान | २८.कुयत | २९.लेवनान | ३०.लिविया |
| ३१.मलेसिया | ३२.मोरक्को | ३३.नेदरल्याण्ड | ३४.नर्वे | ३५.पोल्याण्ड |
| ३६.कतार | ३७.कोरिया | ३८.रसिया | ३९.साउदी अरबिया | ४०.अमेरिका |
| ४१.संयुक्त अरब इमिरेट्रस | ४२.जाम्बिया | | | |

Source: Foreign Employment Sector, Kathmandu, 2012 l

नेपालको सन्दर्भमा वैदेशिक रोजगार विभागका अनुसार आ.व. ०६६/६८ मा ३ लाख ५४ हजार ७ सय १६ जना अर्थात अघिल्लो वर्षको तुलनामा २०.६१ प्रतिशत वृद्धि भएको छ (Americadarpan, 2011)। त्यस्तै आ.व. ०६५/६६ मा २ लाख १९ हजार ३ सय ६५ जना, ०६४ मा २ लाख ४९ हजार ५१ जना र ०६३/६४ मा २ लाख ४ हजार ५ सय ३३ जना, आ.व. ०६२/६३ मा १ लाख ६५ हजार २ सय ५२ जना, आ.व. ०६१/६२ मा १ लाख ३९ हजार ७ सय १८ जना र आ.व. ०६०/६१ मा १ लाख ६ हजार ६ सय ६० जना नेपालीहरु रोजगारीका लागि विभिन्न देशमा विदेशिएको देखिन्छ ।

यस तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने नेपालीहरु वैदेशिक रोजगारमा जाने क्रम प्रत्येक वर्ष वृद्धि हुँदै गइरहेको देखिएको छ (डाँगी, २०६८: ८) । हालको अवस्थालाई हेर्दा देशमा १० वर्षे जनयुद्धपश्चात द्धन्द्धका कारण हालसम्म सरकारको स्थिरता नहुनु, स्वदेशी रोजगारको अभावका साथै राजनैतिक परिवर्तन भइरहनु, स्वदेशी घरेलु उधोग तथा कलकारखानाहरु क्रमिक रुपमा धारासायीमा पर्नु आदि समस्याले पनि नेपालीहरु वेरोजगारी भएर विदेशिएको पाइएको छ ।

वैदेशिक रोजगारसम्बन्धी विभिन्न तथ्याङ्क अनुसार विश्वभरिमा २० करोड ५० लाखभन्दा बढि नागरिक आफू जन्मेको भूमि छाडी कामको लागि अन्य मुलुकमा गएको पाइन्छ । नेपालको सन्दर्भमा पनि कामको लागि विदेशिने क्रम बढ्दो रहेको छ (वैदेशिक रोजगार विभाग, २०६८ को पछिल्लो रिपोर्ट) । यसै क्रममा सर्लाही जिल्लाबाट वैदेशिक रोजगारमा संलग्न हुनेहरुको संख्या मिति ०१/०१/२०६० देखि मिति ०४/०१/२०६८ सम्ममा पुरुष २८,७३६ जना र महिला १०९ जना गरि जम्मा २८,८४२ जना रहेको बताइएको छ (के.त.वि., राष्ट्रिय जनगणना, २०६८, काठमाडौं) । यसरी ग्रामिण क्षेत्रबाट विदेशिने क्रम बढ्नुको उद्देश्य स्थानिय स्तरमा मौसमी रोजगार हुनुले हो ।

## २.२ वैदेशिक रोजगारसम्बन्धी विद्यमान ऐन तथा नीति-नियम

नेपाल सरकारले वि.सं. २०३८ सालमा वैदेशिक रोजगारलाई व्यवस्थित रुपमा विकास गर्न श्रम मन्त्रालयको गठन गरि श्रमलाई व्यवस्थित र परिमार्जन गर्दै लाने निति लिन थालेको पाइन्छ । यसरी मन्त्रालयको गठन भएपछि विशेषगरि वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरि आउनसक्ने जटिल समस्याको समाधानका लागि वि.सं. २०४२/०३/०२ बाट वैदेशिक रोजगार ऐन लागु गरियो । हाल आएर यस ऐनलाई संशोधन गर्न वि.सं. २०६४/०५/१९ बाट लागु हुने गरि संशोधित वैदेशिक रोजगार ऐन २०६४ निर्माण भएको छ । यस ऐनमा वैदेशिक रोजगारसम्बन्धी कानूनलाई संशोधित गर्न बनेको ऐन प्रस्तावना वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गरि सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगारसम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न वान्छनिय भएकाले व्यवस्थापिका संसदले ऐन बनाएको छ ।

“विभाग” भन्नाले वैदेशिक रोजगार विभाग सम्झनुपर्दछ । “संस्था” भन्नाले वैदेशिक रोजगार सञ्चालन गर्न प्रचलित कम्पनि ऐन बमोजिम स्थापना भएको संस्था

सम्झनुपर्दछ । "इजाजत पत्र" भन्नाले वैदेशिक व्यवसाय सञ्चालन गर्दा दफा १० बमोजिम दिएको इजाजत पत्र प्राप्त संस्था सम्झनुपर्दछ (वैदेशिक रोजगार ऐन, २०६४) ।

## २.३ वैदेशिक रोजगारलाई सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा

समाजको एउटा महत्वपूर्ण चरित्रको रुपमा अत्यन्त चल वस्तु भनेको श्रम हो । परम्परादेखि अहिलेसम्म श्रमलाई विभिन्न दृष्टिकोणबाट परिभाषित र निर्देशित गर्ने गरिएको छ । समय अनुकुल परिमार्जित हुँदै जाने समाजमा श्रमको वस्तुस्थिती र परिपाटिले एउटा सैद्धान्तिक दृष्टिकोण ल्याउने गर्दछ । यसलाई विभिन्न दार्शनिक, समाजशास्त्री र अन्य विद्धान वर्गले विभिन्न दृष्टिकोणबाट समाजमा स्थापित गर्दै पूर्ण मान्यता दिई पुष्टि गरेका छन् । यी विभिन्न मान्यताहरुमध्ये समाजशास्त्रीय दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ ।

### विश्वव्यवस्था सिद्धान्त

आधुनिकीकरणको सिद्धान्तले देखाएको सामाजिक संस्थाप्रतिको व्यवस्थाको स्थिति, आधुनिक बन्नलाई पश्चिमी आर्थिक र सामाजिक शैलिको नक्कल गर्नुपर्ने अवस्था तथा विभिन्न देशहरुमध्ये विकासका अवास्तविक सम्बन्धहरुको सृजनाको बारेमा विश्लेषण गर्दै तेस्रो विश्व वा गरिव राष्ट्रहरु किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्वव्यवस्था सिद्धान्तको विकास गरिएको हो । जसका मुख्य व्याख्याकार वालरस्टाइन हुन् । यसलाई नव माक्सवादी वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्व व्यवस्था सिद्धान्त शुरुमा भौगोलिक विस्तार भयो र त्यसपछिको पृष्ठभूमिबाट विश्ववयापी रुपमा श्रम विभाजन भयो । यसैगरि १६ औं शताब्दिमा आइपुग्दा पुँजीवाद नै शक्तिशाली बन्न पुग्यो । तर विश्वमा पुँजीवादको विकास समान रुपले भएन् (वालरस्टाइन उद्धित रिट्जर, १९९२) ।

यस सिद्धान्त अनुसार विश्वव्यवस्था अन्तर्गत यसका विभिन्न भागहरु (केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र) विभिन्न कुराका लागि महत्वपूर्ण हुँदै गएका विशिष्ट कार्यहरु (श्रमको उत्पादन, खाधान्न उत्पादन, कच्चा पदार्थको उपलब्धता र प्रयोगका वस्तुको निर्माण) गर्दै गए । जस्तैः- अफ्रिकाले दासको उत्पादन, पश्चिम र युरोपले किसानको उत्पादन र पश्चिम युरोपमा ज्यालादार कामदार शासन गर्ने वर्ग र सिप युक्त प्रशासकहरु रहन पुगे (रिट्जर, १९९२) ।

यसैगरि वालरस्टाइनका अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र मजदर (Free Labour), अर्धपृष्ठ क्षेत्रमा किसानहरु (Sharing Croppers) र पृष्ठ क्षेत्रमा बाध्यात्मक वा बाधा मजदुर (Force Labour) रहन गए । यसरी केन्द्रमा सिपमूलक र स्वतन्त्र मजदुरहरुको वाहुल्यता हुन

पुग्यो । यसका साथै केन्द्र क्षेत्रसँग भएका सिपमूलक मजदुरलाई प्रयोग गरि विकसित राष्ट्रले विश्वका विभिन्न ठाउँहरुमा उधोगधन्दा सञ्चालन गरि पुँजीवादलाई विस्तार गर्न थाले (रिट्जर, १९९२) । यसरी ती उधोगधन्दाहरु एशियाका अरवियन मुलुकहरुमा पुँजीवादी राष्ट्रले स्थापना गरेपछि उधोग निर्माण तथा कार्य सञ्चालन र उत्पादन गर्नका लागि अदक्ष र अर्धदक्ष कामदारहरुको आवश्यकता भएकाले रोजगारीको लागि जानथाल्यो ।

यसरी विश्वपुँजीवाद व्यवस्था अर्न्तगत नेपाल एउटा अदक्ष मजदुर उत्पादन गर्ने राष्ट्रका रुपमा विकसित हुन पुग्यो । यसरी नेपालीहरुको भर्खरै बामे सर्न लागेका घरेलु उधोगबाट उत्पादित उत्पादनले विदेशी उत्पादनसित प्रतिस्प्रर्धा गर्न नसकेर र विदेशी उत्पादनभन्दा महंगो भएकाले यहाँका उधोगहरु क्रमशः धारासायी बन्दै गए । यसरी सम्पूर्ण उत्पादन विदेशी राष्ट्रमा भर पर्नाले आफ्नो देशको उत्पादनले स्थानीय बजार नपाएर पनि ओझेलमा पर्न गयो । जसको परिणाम अन्य देशले सस्तो श्रमिक र कच्चा पर्दाथ सस्तो मूल्यमा खपत गर्ने मौका पाएको छ ।

## बसाइसराईको सिद्धान्त

मानिसहरु बसाइसराई हुने विभिन्न कारणहरु छन् । जसमा आर्कषण (Pull Factor) गर्ने (रोजगारका अबसर, राम्रो जीवनयापन, राजनिति र धार्मिक स्वतन्त्रता, राम्रो हावापानी, साथीभाइ गएको देखेर, विहेको राम्रो अवसर, अध्ययन) तत्व र विकर्षण (Push Factor) गर्ने (रोजगारका अबसर कम, सामाजिक विविधता, राजनितिक स्थिरता नहुनु, गरिबी, गाँसबाँसमा कठिनाइ, विहेको कम संभावना) तत्व प्रमुख रुपमा रहेको छ । यसरी मानिसहरु आफू र आफ्नो घरपरिवारको भलाइको लागि विविध अबसर र खोजिमा आफ्नो देश वा क्षेत्र छाडेर रोजगारको लागि जानुलाई बसाइसराई भनि प्रष्ट्याउन Lee's theory of migration प्रयोग गरिएको हो (Mariam and Sheth, 2001)।

यस अनुसन्धानमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको बारेमा अध्ययन गर्दा कसरी सर्लाही जिल्लाको कल्याणपुर-५ (अध्ययन क्षेत्र) बाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको आधारमा विश्व व्यवस्था र बसाँइसराई सिद्धान्तसँग जोडिएको छ । वैदेशिक रोजगारले विशेषगरि आर्थिक क्षेत्रमा परिवर्तन ल्याएको छ । वैदेशिक रोजगारबाट आएको विप्रेषण आयमूलक क्षेत्रमा लगानी हुन सकिरहेको छैन । त्यस आम्दानीलाई परिवारले खाद्यान्न, लत्ताकपडा, शिक्षा, स्वास्थ्य, जग्गा खरिद, घर निर्माण जस्ता क्षेत्रमा लगानी गरेका छन् । विशेषगरि वैदेशिक रोजगारले परिवारको जीवनशैली, रहनसहनमा परिवर्तन ल्याएको

छ र, यसले समाजलाई आधुनिकतातर्फ लगेको देखिन्छ । यसका साथै वैदेशिक रोजगारबाट कमाएर ल्याएको आम्दानी वा पुँजी पुनः केन्द्र स्तरमा वा अन्य मुलुकहरुमा जान्छ । साथै वैदेशिक रोजगारमा जान मानिसहरुलाई Pull गर्ने विविध तत्वहरुमा धेरै अबसर, उधोगधन्दा, राम्रो जीवनस्तर, धेरै कमाइ गर्न, परिवार वा व्यक्तिको सम्पर्क र Push गर्ने विविध तत्वहरुमा कम रोजगारका अबसर, सामाजिक र आर्थिक कारण, गाँसबाँसमा कठिनाइ, गरिबी आदिका कारण मानिसहरु वैदेशिक रोजगारमा जान्छ भन्ने कुराको वारेमा अध्ययन गरिएको छ ।

# अध्याय - तीन

# अनुसन्धान पद्धति

यस अध्यायमा सर्लाही जिल्लाको शंकरपुर गा.वि.स. को वडा नं. ५ अर्न्तगतको कल्याणपुरबाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको पारिवारिक, सामाजिक, आर्थिक आदि अवस्थाको अध्ययन तथा अनुसन्धान गर्नका लागि प्रयोग गरिएको अनुसन्धान विधिका बारेमा पनि वर्णन गरिएको छ । यो अनुसन्धानको लागि आवश्यक अनुसन्धान विधिबाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको औचित्य

यो शोधपत्र सर्लाही जिल्लाको दक्षिणी तराई भेगमा पर्ने अध्ययन क्षेत्र हो । यस जिल्लामा जीवन निर्वाहका लागि प्रमुख श्रोत कृषि नै रहेको छ । रोजगारीका संभावना ग्रामिण क्षेत्रमा प्रशस्त नभएकाले जनशक्तिहरु वैदेशिक रोजगारमा जाने क्रम निरन्तर रुपमा वृद्धि भइरहेको छ । जसले गर्दा पनि यस क्षेत्रमा वैदेशिक रोजगारले व्यक्तिगत, पारिवारिक तथा सामाजिक सम्बन्धमा पारेको प्रभाव वा परिवर्तन हेर्न सकिन्छ । किनकी रोजगारमा संलग्न भइसकेपछि संलग्न व्यक्ति वा उसको घरपरिवार आर्थिक रुपमा मजबुत भइ सामाजिक रुपमा ऊ र उसको  परिवारलाई समाजले सम्मानका साथ हेर्ने गर्दछ । यस क्षेत्रबाट यस विषयमा अहिलेसम्म अध्ययन नभएको र वैदेशिक रोजगारमा जाने प्रचलन बढि भएको पाइन्छ । शंकरपुर गा.वि.स. वार्ड नं. ५ को बासिन्दा भएकोले यस वार्डमा मेरो आफ्नो चिनजान राम्रो हुनुको साथै यस वार्डबाट धेरै व्यक्ति विदेशिएकाले तथ्याङ्क संकलनमा सजिलो तथा विश्वासनियता हुने भएकाले यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धान शोधपत्रमा गुणात्मक तथा संख्यात्मक दुवै विधिको प्रयोग गरिएको छ । सामन्यत परिणात्मक तथ्यहरु संकलन गरि यस अध्ययनलाई अझ सुदृढ बनाइएको छ । जसका लागि संख्यात्मक तथ्याङ्क विधिलाई बढि प्रयोग गरिएता पनि गुणात्मक विधिलाई पनि त्यत्तिकै महत्व दिइएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनका लागि २ प्रकारका तथ्याङ्क (प्राथमिक र द्धितिय) श्रोतबाट लिइएको छ । अध्ययनका लागि आवश्यक प्राथमिक स्रोतमा अध्ययन क्षेत्रमा प्रत्यक्ष रुपमा

अन्तर्वार्ताका क्रममा प्रयोग गरिएको प्रश्नावली, अवलोकन, वैयक्तिक अध्ययन र समुह छलफल विधिबाट तथ्यांङ्क लिइएको छ । द्वितिय स्रोतमा सहकारी संस्था, जि.वि.स. र विभिन्न सरकारी कार्यालय, तथ्यांङ्क विभाग तथा विभिन्न पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, विभिन्न सञ्चार माध्यमका सुचना, समाजशास्त्र तथा मानवशास्त्रका विद्धानबाट लेखिएको सम्बन्धित पुस्तकका साथै विषयवस्तुसँग सम्बन्धित भएको शोधपत्र आदिको सहयोग लिइएको छ ।

## ३.४ गणना विधि

अध्ययनको लागि शंकरपुर गा.वि.स. अर्न्तगतको वडा नं. ५ कल्याणपुरलाई लिइएको छ । यस वडाको सम्पूर्ण घरधुरी वैदेशिक रोजगारमा संलग्न नभएको र छोटो समयको बसाइमा यस वडामा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुलाई मेरो उद्देश्यपरक नमूना छनौटको आधारमा घरधुरी संख्या ५० लिएको छ । जसमध्ये ३० घरधुरीमा स्वयं वैदेशिक रोजगारमा संलग्न भई फर्किएका व्यक्तिहरुलाई समावेश गरिएको छ र, बाँकी २० घरधुरीमा वैदेशिक रोजगारमा संलग्न सदस्यको घरमुलीलाई समावेश गरिएको छ । यसले पूर्ण रुपमा नभए पनि प्रतिनिधिमूलक अध्ययन गर्दछ ।

## ३.५ स्थलगत अध्ययन

सर्वप्रथम अनुसन्धानको उद्देश्यको आधारमा प्रश्नावली तयार गरी अध्ययन क्षेत्रको वैदेशिक रोजगारमा संलग्न सबै व्यक्तिको घरमा गई आर्थिक, सामाजिक विवरण, हालको पेशा, रोजगारमा जानुभन्दा अगाडीको पेशा विवरण आदिको बारेमा तथ्याङ्क संकलन गरिएको छ । यस अर्न्तगत सम्बन्धित क्षेत्रका व्यक्तिसँग प्रत्यक्ष रुपमा भेटेर तयार पारिएका प्रश्नावलीका आधारमा उत्तरदाता र शोधकर्ताबिच दोहोरो वार्तालापको माध्यमहरु तथ्याङ्क संकलन गरिएको छ । जहाँ व्यक्तिगत तहमा रहेर शोधकर्ताले उत्तरदात्तासँग प्रत्यक्ष रुपमा भेटेर आवश्यक सूचना लिने भएकाले संकलित सूचनामा विश्वासनियता र सत्यता रहने अनुमान गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन विधि

यस अध्ययनको लागि आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा बसोबास गरि त्यहाँका बासिन्दाहरुसँग आत्मियता तथा सहसम्बन्ध कायम गरि अध्ययनलाई अगाडी बढाइएको छ । साथै यस अध्ययनमा निम्न विधिहरु प्रयोग गरिएको छ ।

### ३.६.१ घरधुरी सर्वेक्षण

यस अध्ययन क्षेत्रमा जम्मा २३७ घरधुरी संख्या रहेको छ । यो द्वितीय स्रोतबाट लिइएको तथ्याङ्क हो । विषयवस्तुको उद्देश्य अनुसार वैदेशिक रोजगारमा संलग्न व्यक्तिका ५० घरधुरीलाई नमूनाको रुपमा लिइएको छ। जसमध्ये नमूना छनौट स्वरुप २० घरधुरी वैदेशिक रोजगारमा संलग्न परिवारको घरमुलीसँग र बाँकी ३० घरधुरीमा स्वयं रोजगारमा संलग्न भई फर्किएका व्यक्तिहरुको पारिवारीक, आर्थिक, सामाजिक पक्षहरुको बारेमा तथ्याङ्क संकलन गरिएको छ । यसरी दुबै प्रकारका घरहरु नमूना छनौट स्वरुप लिदाँ वैदेशिक रोजगारले संलग्नका घरपरिवार र संलग्न व्यक्ति र उसको घरपरिवारमा वैदेशिक रोजगारमा जानु अघि र गइसकेपछिको आर्थिक र सामाजिक परिवर्तनको बारेमा तथ्याङ्क संकलन गरिएको छ। यो प्राथमिक स्रोतबाट लिइएको तथ्याङ्क हो ।

### ३.६.२ अन्तर्वार्ता

यस अध्ययन क्षेत्रसित सम्बन्धित व्यक्तिहरुसँग प्रत्यक्ष र सम्बन्धित विषयमा तयार पारिएका प्रश्नावलीका आधारमा उत्तरदाता र शोधकर्ताबीच व्यवस्थित र दोहोरो कुराकानीका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । सम्बन्धित क्षेत्रमा बसोबास गर्ने स्थायी बासिन्दा भएको र सबैजना चिनेजानेको भएकाले व्यक्तिगत रुपमा उत्तरदातासित प्रत्यक्ष रुपमा भेटघाट गरि आवश्यक तथ्याङ्क लिन सहज भएकोले संकलित तथ्याङ्कमा सत्यता र विश्वासनिय रहनेमा विस्वस्त छु। यस क्रममा ५० घरधुरीमध्ये २० घरधुरीमा अ अन्तर्वार्ताका लागि वैदेशिक रोजगारमा संलग्नका घरमुलीलाई समावेश गरिएको छ र बाँकी ३० घरधुरीमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई समावेश गरिएको छ । यसरी वैदेशिक रोजगारमा जानुभन्दा अगाडी र वैदेशिक रोजगारबाट फर्किसकेपछि उनीहरुको घरपरिवारका साथै व्यक्तिमा आएको परिवर्तन हेर्ने भएकाले लिइएको हो ।

### ३.६.३ अवलोकन

यस अध्ययन क्षेत्रमा अध्ययनकर्ताले अध्ययन गर्ने क्रममा प्रत्यक्ष रुपमा सहभागी मूलक अवलोकन विधिबाट तथ्याङ्क संकलन गरिएको छ। यस विधिबाट वैदेशिक रोजगारमा संलग्न परिवार र रोजगारबाट फर्किएका स्वयं व्यक्तिको घरको बनावट आदि पक्षको वारेमा अवलोकन गरिएको छ ।

### ३.६.४ समुह छलफल

यस अध्ययनमा वैदेशिक रोजगारमा संलग्न घरपरिवारको सदस्य र रोजगारबाट फर्किएका व्यक्तिहरुलाई एउटा समुहमा भेला गराएर निश्चित स्थानमा बसेर उनीहरु वैदेशिक रोजगारमा संलग्न हुनुको कारण, वैदेशिक रोजगारले उनीहरुको आर्थिक क्षेत्रमा परेको प्रभाव, सामाजिक कारणको विश्लेषण गर्न र वैदेशिक रोजगारसम्बन्धी धारणा बारेमा छलफल गरि समुह छलफलको आधारमा तथ्याङ्क संकलन गरियो ।

### ३.६.५ वैयक्तिक अध्ययन

यस अध्ययनमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिको जीवनमा वा उनीहरुको पारिवारीक संरचनामा परेको प्रभाव हेनुर्का साथै सकारात्मक र नकरात्मक असर हेर्न सकिन्छ ।

## ३.७ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

अध्ययन क्षेत्रको उद्देश्यसित सम्बन्धित भएर संकलित विभिन्न प्रकारका तथ्यहरुलाई हेरि वर्गिकरण गरेर विश्लेषण गरिएको छ । संकलित तथ्यहरुलाई विश्लेषण गर्नुपूर्व सबैले बुझ्ने गरि सरल तरिकाले तालिकिकरण गरिएको छ । तथ्यहरुको प्रकृति हेरि गुणात्मक र संख्यात्मक विधि अपनाई सरल तरिकाले बुझ्ने गरि तालिकिकरण गरि प्रष्ट पारिएको छ ।

## ३.८ अध्ययनको सिमा

यस अनुसन्धानको कार्य क्षेत्र सर्लाही जिल्ला अर्न्तगतको शंकरपुर गा.वि.स. वडा नं. ५ कल्याणपुरबाट वैदेशिक रोजगारमा संलग्न भएका केहि व्यक्तिहरुलाई छनौट गरिएको छ । यस अध्ययनले सबै समाजको प्रतिनिधित्व गर्न सक्दैन । वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण पक्षहरुलाई समेटिएको छैन् । जसले गर्दा यस अध्ययन विषयको वारेमा मात्र अध्ययन गरिने शीर्षक अनुसार उचित नहुनसक्छ ।

यस अध्ययनमा वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको अध्ययन गर्ने क्रममा भारत बाहेक अन्य देशमा गइ गरिने रोजगारीको मात्र अध्ययन गरिएको छ । किनकी भारतमा जानको लागि कुनै रोकतोक बिना र राहदानीको आवश्यकता पर्दैन । राहदानीद्वारा प्रवेश गर्न पाउने देशहरुमध्ये केहि देशहरुलाई मात्र समावेश गरेको छु । ती देशहरु यसप्रकार छन् ।

१. दक्षिण कोरिया २. मलेसिया ३. साउदी अरब ४. कुबेत ५. कतार ६. दुवई ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक परिचय

## ४.१ भौगोलिक परिचय

नेपालको मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलको छ जिल्लामध्ये दक्षिणी तराई भेगमा सर्लाही जिल्ला अवस्थित छ । यो जिल्ला समुन्द्री सतहभन्दा ६० मीटरदेखि ६५९ मीटरको उचाइमा अवस्थित छ । यो जिल्ला विश्व मानचित्रमा पूर्वदेखि ८५° ५० पूर्व देशान्तर, अक्षांश २६° ४५' देखि २७° १० उत्तर अक्षांशबिच अवस्थित रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल १२५९ वर्ग किलोमिटर रहेको छ । यस जिल्लाको उत्तरतर्फ चुरे पर्वत रहेको छ । बीचमा भावर र दक्षिणमा तराइको समथर मैदान ओगट्ने गरि ३ भागमा बाड्न सकिन्छ । यो जिल्ला मनसुनी हावापानीबाट प्रभावित क्षेत्र भएता पनि उष्ण जलवायु पाइन्छ । यस जिल्लाको वार्षिक औसत अधिक्तम तापक्रम ३१ डिग्री सेल्सियस र औसत न्यूनत्तम तापक्रम २० डिग्री सेल्सियस रहेको पाइन्छ । गर्मी समयमा ४२ डिग्री सेल्सियसभन्दा पनि बढि तापक्रम हुने गरेकाले कहिलेकाही लु चल्ने गर्दछ । यस जिल्लामा जाडो याममा न्यूनत्तम तापक्रम ४ डिग्री सेल्सियससम्म पुग्नुका साथै शितलहर समेत चल्ने गर्दछ । यस जिल्लामा ८० प्रतिशतभन्दा बढि वर्षा वैशाखदेखि भदौ महिनाभित्र हुने गर्दछ (के.त.वि.कार्यालय, काठमाडौं, २०६८) ।

सर्लाही जिल्लाको जम्मा जनसंख्या ७,६९,७२९ रहेको छ । जसमा पुरुषको संख्या ३,८९,७५६ र महिलाको संख्या ३,७९,९७३ रहेको छ (के.त.वि., राष्ट्रिय जनगणना २०५८, काठमाडौं) ।

## ४.२ सामाजिक परिचय

यो शंकरपुर गा.वि.स. पूर्वपश्चिम महेन्द्र राजमार्गबाट करिब १० किलोमिटर दक्षिण नयाँरोडबाट बरहथवा जाने ग्राभेल रोड साइडमा अवस्थित छ । यस गा.वि.स. को पूर्वमा मूर्तिया गा.वि.स., पश्चिममा राजघाट गा.वि.स., दक्षिणमा बरहथवा गा.वि.स. र उत्तरमा ढुंग्रे खोला गा.वि.स. रहेको छ । यस गा.वि.स. को क्षेत्रफल १५२५ विगाहा जमिन रहेको छ । जसमध्ये खेतियोग्य जमिन ११३० विगाहा रहेको छ । उक्त जमिनमध्ये ८५ प्रतिशत जमिनमा बागमति सिचाइबाट संचित छ । यस क्षेत्रका जनताहरुको मुख्य पेशा कृषि हो ( सानो किसान कृषि सहकारी संस्था, शंकरपुर, २०५८ ) ।

**तालिका नं. १: शंकरपुर गा.वि.स. को वडा अनुसारको जनसंख्या विवरण**

| वडा नं. | घरधुरी संख्या | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | १३२ | ७३६ | ३९२ | ३४४ |
| २ | १६४ | ९२५ | ४७८ | ४४७ |
| ३ | २२१ | ११६२ | ५६१ | ६०१ |
| ४ | १२४ | ६५५ | ३२० | ३३५ |
| ५ | २३७ | १३२५ | ६५९ | ६६६ |
| ६ | ३१ | १८२ | ९७ | ८८ |
| ७ | ३७ | १८२ | ९८ | ८४ |
| ८ | ९५ | ४८३ | २५५ | २८८ |
| ९ | २६३ | १५४१ | ७६५ | ७७६ |
| जम्मा: | १३०४ | ७१९४ | ३६२५ | ३५६९ |

स्रोतः के.त.वि., राष्ट्रिय जनगणना २०५८, काठमाडौं ।

यस अध्ययनको क्रममा वैदेशिक रोजगारसम्बन्धी गा.वि.स. ले सत्य र तथ्य विवरण नराखेकाले उल्लेख गरिएको छैन । राहदानी बनाएका सबै व्यक्ति विदेश जान सक्षम हुँदैन । तसर्थ तालिका नं. १ अनुसार, यस गा.वि.स. मा जम्मा घरधुरी १,३०४ रहेको छ । यस गा.वि.स. मा बसोबास गर्ने जम्मा जनसंख्या ७,१९४ रहेको छ । जसमध्ये पुरुषको संख्या ३,६२५ र महिलाको संख्या ३,५६९ रहेको छ । मेरो अध्ययन क्षेत्र वाड नं. ५ को कुल जनसंख्या १,३२५ रहेको छ । जसमध्ये पुरुषको संख्या ६५९ जना र महिलाको संख्या ६६६ रहेको छ ।

यस गा.वि.स. मा कुनै जाति विशेषको बसोबास स्थान नभई विभिन्न किसिमका जातजातीहरुमध्ये महतो २१ प्रतिशत, राय २१ प्रतिशत, ठकुरी १० प्रतिशत, मगर १० प्रतिशत, तामाङ्ग ७ प्रतिशत, क्षेत्री ७ प्रतिशत, परियार र विश्वकर्मा ५ प्रतिशत, वाहुन ३ प्रतिशत, चमार ३ प्रतिशत, विन ३ प्रतिशत, मुसलमान ३ प्रतिशत, खतवे २ प्रतिशत, अन्य ५ प्रतिशत जातजातीहरुको बसोबास रहेको छ । यस क्षेत्रमा पहाडी समुदायको बसोबास पहिलादेखि नै रहेको कुरा स्थानिय पाका व्यक्तिहरुको भनाइबाट थाहा हुन आउँछ । मधेसी समुदायको बसोबास यस क्षेत्रमा केहि चिनजान र आफन्तको माध्यमबाट भारतको विहार राज्यबाट धेरै परिवार आई बसोबास गर्न थालेको वि.सं. २०४३ देखि बढि पाइयो (सानो

किसान कृषि सहकारी संस्था, शंकरपुर, २०५८) । कुनै जाति विशेषको बसोबास स्थान नभई विभिन्न किसिमका जातजातिको बसोबास रहेको देखियो । भारतीय सिमाना नजिकै र खुल्ला भएको कारण भारतीय समुदायका बासिन्दाहरु बसाइ सरि आएको बताएको छ ।

यस क्षेत्रमा मधेसी समुदाय (कोइरी, यादव, खतवे, चमार, विन, मुसलमान, आदि) को बाहुल्यता वृद्धि रहेता पनि पहाडी समुदाय (ठकुरी, क्षेत्री, ब्राम्हण, मगर, तामाङ्ग, परियार, विश्वकर्मा, आदि) र मधेसी समुदाय मिलेर बसेको देखिन्छ । मधेसी समुदायले मनाउने चाडपर्व, रीतिरिवाज, संस्कृति, रहनसहन आदी पहाडी समुदायको भन्दा फरक छ र पहाडी समुदायले मनाउने चाडपर्व, रीतिरिवाज, संस्कृति, रहनसहन आदी मधेसी समुदायको भन्दा फरक छ । तर यी दुवै समुदायमा एक अर्काको संस्कृति आदानप्रदान भएको देखिन्छ । दशैंमा र तिहारमा टिका लगाउने चलन मधेसी समुदायले मनाउने गरेको पाइन्छ । मधेसी समुदायले मनाउने चाड छठ पर्व आजकाल पहाडी समुदायले पनि मनाउने गरेको पाइन्छ । यसरी समाजमा मनाउने विवाह वा अन्य सामाजिक सांस्कृतिक पक्षमा एकता रहेको देखिन्छ । यसरी मधेसी समदायले मनाउने चाड छठ पर्व पहाडी समुदायले मनाउने गरेको र पहाडी समुदायले मनाउने चाड दशैं मधेसी समुदायले मनाउने गरेको पाइन्छ । यसरी पहाडी समुदाय र मधेसी समुदायले एक अर्काको सास्कृतिक पक्षलाई अवलम्वन गरेको देखिन्छ ।

## ४.३ उमेरगत र लिङ्गगत विवरण

कुनै पनि स्थान विशेषमा रहेको जनसंख्यालाई त्यहाँ रहेको उमेर र लिङ्गले निर्धारण गर्दछ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न परिवारको जनसंख्या कति र कुन उमेर समुहका छन् भनी प्रस्तुत गरिएको छ ।

**तालिका नं. २: वैदेशिक रोजगारमा संलग्न परिवारको उमेर र लिङ्गगत विवरण**

| उमेर समुह | समुदाय | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | मधेसी | | पहाडी | | | |
| | महिला | पुरुष | महिला | पुरुष | | |
| ०-२० | २५ | ३१ | १८ | २० | ९४ | ३ |
| २०-४० | २१ | ३२ | १९ | २० | ९२ | ३७ |
| ४०-६० | १२ | १७ | ११ | ११ | ५१ | २१ |
| ६०+ | ४ | १ | २ | २ | ९ | ४ |
| जम्माः | ६२ | ८१ | ५० | ५३ | २४६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. २ अनुसार, अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न घरपरिवारको जनसंख्यालाई विभिन्न उमेर समुहमा विभाजन गरेर विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न ५० घरधुरी रहेका छन् । जसमा मधेसी समुदायबाट रोजगारमा संलग्न ३१ घरपरिवार रहेका छन् । जसमा जम्मा १४३ जनामध्ये पुरुषको संख्या ८१ र महिलाको संख्या ६२ जना रहेका छन् । जसमा ०-२० उमेर समुहका वैदेशिक रोजगारमा संलग्न भएको पाइएनन् । त्यसैले तालिकामा देखाउँदा उमेर समुहलाई २० को अन्तर पारेर विश्लेषण गरिएको छ । जसमा ०-२० उमेर समुहका महिलाको संख्या बढि रहेको देखियो । जसमध्ये २०-४० उमेर समुहलाई सक्रिय जनशक्तिको रुपमा लिइन्छ र यहि उमेर समुह वैदेशिक रोजगारमा बढि संलग्न भएको पाइयो । त्यसैगरि ४०-६० उमेर समुहको संख्या पनि बढि देखियो भने ६० वर्षभन्दा माथि उमेर समुहका जम्मा जनसंख्या धेरै कम रहेको देखियो ।

पहाडी समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवार १९ घरधुरी रहेका छन् । जसमा जम्मा जनसंख्या १०३ जनामध्ये पुरुषको जनसंख्या ५३ र महिलाको संख्या ५० जना रहेको छ । जसमध्ये ४०-६० उमेर समुहका पुरुष र महिलाको संख्या पनि बराबर नै पाइयो ।

मधेसी र पहाडी समुदायमा पितृसत्तात्मक सोचको कारण अथवा छोराको महत्व बढि हुने कारणले छोरीको संख्याभन्दा छोराको संख्या बढि देखियो भने मधेसी समुदायमा छोराको जन्मलाई धनको आगमन र छोरीको जन्मलाई धन खर्चको प्रतिकको रुपमा लिइन्छ । त्यही भएर मधेसी महिलाहरुको संख्या पहाडी महिलाको तुलनामा कम देखिएको छ । देशमा रोजगारीको अवस्था सृजना हुन नसक्दा काम गर्न सक्रिय उमेर समुहका युवाहरु वैदेशिक रोजगारमा संलग्न भएका छन् । जसको कारण देशमा युवा वर्गको अभावमा विकास निर्माणको काम हुन सकेको छैन् ।

## ४.३ समुदायगत विवरण

जुनसुकै समाजमा पनि विभिन्न जातजातिको बसोबास रहेको हुन्छ । जातको आधारमा काम वा पेशाको वर्गीकरण गरिएको हुन्छ तर अहिले आएर वैदेशिक रोजगारमा सबै जातको संलग्नता रहने हुँदा पहाडी र मधेसी दुवै समुदायको मानिस यस क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न विवरणलाई प्रस्तुत गरिएको छ ।

## तालिका नं. ३: वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको समुदायगत विवरण

| समुदाय | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| मधेसी | – | ३१ | ३१ | ६२ |
| पहाडी | – | १९ | १९ | ३८ |
| जम्माः | | ५० | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ३ अनुसार, वैदेशिक रोजगारमा संलग्न परिवारमध्ये समुदायगत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा दुबै समुदायको संलग्न भए पनि मधेसी समुदायको सबैभन्दा बढि (६२%) र सबैभन्दा कम (३८%) पहाडी समुदायको संलग्नता रहेको देखिन्छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न मधेसी समुदायको जम्मा संख्या ३१ जना र पहाडी समुदायको जम्मा संख्या १९ जना रहेको छ । जसमा महिला सहभागिता शून्य नै देखियो । यस्तो हुनुमा मेरो अध्ययनबाट हाम्रो सामाजिक मूल्यमान्यता र परम्पराले गर्दा महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरिने भएको र घरभित्रको काममा मात्र सिमित राख्ने परम्पराले गर्दा वैदेशिक रोजगारमा महिला सहभागिता अत्यन्तै शून्य रहेको देखिन्छ ।

### ४.५ पेशा

पेशा भन्नाले यस अध्ययन क्षेत्रका व्यक्तिले गर्ने काम वा रोजगारलाई जनाइन्छ, जुन व्यक्तिको जीविकोपार्जनसँग सम्बन्धित रहेको हुन्छ । पेशा चाहि आर्थिक पक्षसित सम्बन्धित हुन्छ ।

## तालिका नं. ४: वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागत विवरण

| पेशा | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| कृषि | १२ | १३ | २५ | ५० |
| व्यापार | ३ | १ | ४ | ८ |
| नोकरी | १ | २ | ३ | ६ |
| मजदुरी | १५ | ३ | १८ | ३६ |
| जम्माः | ३१ | १९ | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ४ मा वैदेशिक रोजगारमा संलग्न घरधुरीको पेशागत विवरणलाई विश्लेषण गरिएको छ। अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न घरधुरी ५० रहेको छ। जसमा मधेसी समुदायबाट ३१ घरधुरीमध्ये कृषि पेशामा १२ परिवारका सदस्य, व्यापारमा ३ परिवारका सदस्य, १ जना नोकरी पेशामा र सबैभन्दा बढि अर्थात १५ परिवारले मुख्य पेशा मजदुरी गरेको देखियो। त्यसैगरि पहाडी समुदायबाट वैदेशिक रोजगारमा संलग्न जम्मा १९ घरधुरीमध्ये १३ परिवारको मुख्य पेशा कृषि, १ परिवार व्यापार, २ परिवार नोकरी र मजदुरीमा ३ परिवार संलग्न रहेको देखियो।

वैदेशिक रोजगारमा संलग्न घरधुरीमध्ये बढि (५०%) परिवारको मुख्य पेशा कृषि रहेको र सबैभन्दा कम (६%) परिवारले नोकरी भएको बताए। दुवै समुदायको पेशा जे जस्तो भए पनि आफ्नो गरि राखेको पेशाबाट भएको आम्दानी निकै कम भएको बताए। जसको कारण परिवारको पालनपोषणमा समस्या भएकाले आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएको बताए। वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा वृद्धि भएकाले केहि परिवारले गरि आएको पेशामा परिवर्तन गरेको बताए भने केहि परिवारले कृषि पेशा छाडेर व्यापार-व्यवसायमा संलग्न भएको बताए। जसको सम्बन्ध चाहि वैदेशिक रोजगार रहेको देखियो।

## ४.६ आम्दानी

आम्दानी भन्नाले कुनै पनि व्यक्ति वा परिवारले गरेको पेशाको आधारमा संकलित नगद वा जिन्सिलाई बुझिन्छ। जुन पेशासँग प्रत्यक्ष सम्बन्धित हुन्छ। किनकी कुनै परिवारको आम्दानीले उनीहरुको जीवन सञ्चालन गर्न नसकेको अवस्थामा वा समस्या परिरहेको अवस्थामा वैदेशिक रोजगार एउटा माध्यम बनेको छ। वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडी परिवारको आम्दानीको विवरणलाई यहाँ प्रस्तुत गरिएको छ।

**तालिका नं. ५: वैदेशिक रोजगारमा संलग्न परिवारको आम्दानीको विवरण**

| वार्षिक आम्दानी | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| २०,००० भन्दा कम आम्दानी हुने | १५ | ७ | २२ | ४४ |
| २०,०००-४०,००० सम्म आम्दानी हुने | १३ | ८ | २१ | ४२ |
| ४१,००० भन्दा बढि आम्दानी हुने | ३ | ४ | ७ | १४ |
| जम्माः | ३१ | १९ | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९।

तालिका नं. ५ मा वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको परिवारको आम्दानीलाई विश्लेषण गरिएको छ । वैदेशिक रोजगारमा संलग्न मधेसी परिवारको ३१ घरधुरी रहेको छ । जसमा २०,००० भन्दा कम आम्दानी हुने परिवार १५ घरधुरी रहेको छ भने २०,००० देखि ४०,००० सम्म आम्दानी हुने परिवार १३ घरधुरी रहेको छ । त्यसैगरि पहाडी समुदायको वैदेशिक रोजगारमा संलग्न १९ घरधुरी रहेको छ । जसमा २०,००० भन्दा कम आम्दानी हुने परिवार ७ घरधुरी रहेको छ भने २०,००० देखि ४०,००० सम्म आम्दानी हुने परिवार ८ घरधुरी रहेको छ । यसप्रकार के देखिन्छ भने वैदेशिक रोजगारमा २०,००० भन्दा कम आय हुने र बढि आय हुने दुवै समुदायको संलग्न भएको पाइन्छ ।

वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अघि सबैभन्दा बढि (४४%) कम आम्दानी हुने परिवार र सबैभन्दा कम (१४%) बढि आम्दानी हुने परिवार देखियो । आजकाल देशमा योग्यता र क्षमता अनुसारको रोजगारको अभाव र केहि रोजगार भए पनि आम्दानी कम भएको कारण शिक्षित युवाहरुको वैदेशिक रोजगारतर्फ आकर्षण बढेको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न भएपछि तुलनात्मक रुपमा सबै समुदायको आम्दानीमा वृद्धि भएको बताए । यहाँ बस्दा मासिक रुपमा रु. १० हजारभन्दा कम आम्दानी गर्नेहरुले विदेश गएपछि मासिक आम्दानी रु. १५ देखि रु. २० हजार भएकाले आम्दानीमा वृद्धि भएको देखियो । तर यहाँ बस्दा मासिक रुपमा रु. १५ देखि रु. २० हजार आम्दानी गर्नेहरुले विदेश गएपछि पनि मासिक रुपमा त्यत्ति नै आम्दानी गर्नेहरुले आम्दानी उस्तै भयो कुरा तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ६: वैदेशिक रोजगारमा संलग्न भएपछाडि परिवारको आम्दानीमा भएको परिवर्तनसम्बन्धी विवरण

| विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| आम्दानीमा वृद्धि भयो | २६ | १७ | ४३ | ८६ |
| आम्दानी उस्तै भयो | ५ | २ | ७ | १४ |
| जम्मा: | ३१ | १९ | ५० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ६ अनुसार, वैदेशिक रोजगारमा संलग्न भएपछि परिवारको आम्दानीमा भएको परिवर्तनसम्बन्धी विवरणलाई विश्लेषण गरिएको छ । मधेसी समुदायबाट वैदेशिक

रोजगारमा संलग्न परिवार ३१ घरधुरी रहेको छ । जसमा वैदेशिक रोजगारमा संलग्न भएपछि २६ परिवारको आम्दानीमा वृद्धि भयो भन्ने देखियो ।

पहाडी समुदायको वैदेशिक रोजगारमा संलग्न १९ घरधुरी रहेको छ । जसमा १७ घरधुरीको आम्दानीमा वृद्धि भयो भन्ने देखियो ।

वैदेशिक रोजगारमा संलग्न भएपछि सबैभन्दा बढि (८६%) परिवारले आम्दानीमा वृद्धि भएको र सबैभन्दा कम (१४%) परिवारले आम्दानीमा वृद्धि नभएको बताए । जुन परिवारको आर्थिक अवस्थासँग जोडिएको हुन्छ । आम्दानीमा वृद्धि हुनुमा रोजगारमा सहभागी भएको सदस्यको सीप, तलब, रोजगारको लागि गएको देश तथा काम महत्वपूर्ण हुन्छ भने देश तथा राम्रो तलब सुविधा नभएकाले आम्दानीमा वृद्धि हुन नसकेको पाइयो । आम्दानीमा वृद्धि भएपछाडी परिवारको आर्थिक अवस्थामा परिवर्तन भएको बताए ।

## ४.७ जमिन

जमिनलाई अचल सम्पत्तिको रुपमा लिइन्छ । जहाँ जमिन र मानिसको सम्बन्ध एक अर्कासित रहेको हुन्छ । जहाँ अन्न उत्पादन गरि आफ्नो जीविका निर्वाह गरेका हुन्छन् । हालको अवस्थामा आएर जमिनलाई खण्डिकरण गरि घरघडेरीमा बिक्री गरिएको पाइन्छ । वैदेशिक रोजगारमा संलग्न परिवारको जमिनको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७: वैदेशिक रोजगारमा संलग्न परिवारको जमिनको विवरण**

| जमिन | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| १ देखि ३ कट्ठासम्म | १ | ३ | ४ | २० |
| ४ देखि ६ कट्ठासम्म | ३ | – | ३ | १५ |
| ७ देखि ९ कट्ठासम्म | ३ | – | ३ | १५ |
| १० देखि १२ कट्ठसम्म | १ | – | १ | ५ |
| १३ देखि १५ कट्ठासम्म | – | १ | १ | ५ |
| १६ देखि १९ कट्ठासम्म | १ | १ | २ | १० |
| २० कट्ठाभन्दा माथि हुने | ४ | २ | ६ | ३० |
| जम्माः | १३ | ७ | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ७ अनुसार, वैदेशिक रोजगारमा संलग्न परिवारको जमिन के-कति मात्रामा छ भन्ने विवरणलाई विश्लेषण गरिएको छ । वैदेशिक रोजगारमा संलग्न २० घरधुरीलाई लिइएको छ । जसमा मधेसी समुदायबाट वैदेशिक रोजगारमा संलग्न १३ घरधुरी रहेका छन् । जसमध्ये २० कट्ठाभन्दा माथि हुने परिवार बढि अर्थात ४ घरधुरी देखियो । जसमध्ये ४ देखि ६ कट्ठा र ७ देखि ९ कट्ठासम्म जमिन हुने परिवार ३-३ घरधुरी देखियो । १० देखि १२ कट्ठा र १६ देखि १९ कट्ठासम्म जमिन हुने परिवार १-१ घरधुरी देखियो ।

पहाडी समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवार ७ घरधुरी देखियो । जसमा १ देखि ३ कट्ठासम्म हुने परिवार ३ घरधुरी देखियो । १३ देखि १५ कट्ठा र १६ देखि १९ कट्ठासम्म जमिन हुने परिवार १-१ घरधुरी र, २० कट्ठाभन्दा माथि जमिन हुने परिवार २ घरधुरी देखियो ।

वैदेशिक रोजगारमा संलग्न परिवारको जमिनको मात्रालाई हेर्दा सबैभन्दा बढि (३०%) जमिन हुने परिवारबाट संलग्न भएको पाइयो । तसर्थ जमिन कम हुने र बढि हुने अर्थात खान पुग्ने र नपुग्ने सबै खालको परिवारका सदस्य वैदेशिक रोजगारमा संलग्न पाइन्छ । जमिन हुने परिवारको सहभागिको भनाइ अनुसार आफ्नो भएको जमिनको उत्पादनले वर्षभरि राम्ररी खान पुगेता पनि छोरा-छोरी पढाउन र अन्य खर्च गर्न जमिनको उत्पादनले नपुगेकाले वैदेशिक रोजगारमा वैकल्पिक पेशाको रुपमा आफ्नो परिवारको सदस्य संलग्न भएको बताए भने जमिन कम हुने परिवारले आफ्नो जीवन निर्वाहका लागि वर्षैभरि मजदुरी र ज्याला गनुपर्ने बाध्यता भएकाले परिवार चलाउन मुस्किल भएको कारण आम्दानी बढि गर्न आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए ।

## ४.८ घर

सामन्यतयाः घर भन्नाले व्यक्ति तथा परिवारको बासस्थानसित सम्बन्धित हुन्छ । घरको बनावटको आधारमा व्यक्ति वा परिवारको आर्थिक अवस्था बुझ्न सकिन्छ । यस सन्दर्भमा वैदेशिक रोजगारमा संलग्नहरुको घरको बनावटलाई तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ८: वैदेशिक रोजगारमा संलग्न परिवारको घरको विवरण

| विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| पक्की | १ | ६ | ७ | १४ |
| कच्ची | २९ | ८ | ३७ | ७४ |
| मिक्स (दुवै) | १ | ५ | ६ | १२ |
| जम्माः | ३१ | १९ | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ९ मा वैदेशिक रोजगारमा संलग्न परिवारको घरलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न परिवार ५० घरधुरीमध्ये मधेसी समुदायबाट वैदेशिक रोजगारमा संलग्न ३१ घरधुरी रहेको छ। जसमा पक्की घर भएको १ घरधुरी, कच्ची घर भएको सबैभन्दा बढि अर्थात २९ घरधुरी रहेको छ र १ घरधुरीको मात्र मिक्स (दुवै) घर भएको देखियो ।

वैदेशिक रोजगारमा संलग्न पहाडी समुदायबाट १९ घरधुरी रहेको छ । जसमा सबैभन्दा बढि परिवारको पक्की घर अर्थात ६ घरधुरी पक्की देखियो। कच्ची घर भएको ८ घरधुरी देखियो र ५ घरधुरी मिक्स (दुवै) भएको देखियो। तुलनात्मक रुपमा हेर्दा वैदेशिक रोजगारमा संलग्न परिवारको घरलाई हेर्दा सबैभन्दा बढि (७४%) कच्ची घर र सबैभन्दा कम (१२%) मिक्स घर भएको देखिन्छ। घरको वनावटमा पनि वैदेशिक रोजगारमा संलग्न सदस्यको देश, कमाई, समय आदिले निर्धारण गरेको देखिन्छ।[1]

## ४.९ वैदेशिक रोजगारमा जानुपर्ने कारण

नेपालमा भएको बेरोजगारी समस्याले आफ्नो जीवनशैली सरल र सहज पार्नका लागि विविध अबसरको खोजि (धेरै अबसर, राम्रो जीवनयापन, अध्ययन, स्वतन्त्रता, धेरै कमाइ) आदि कारण रोजगारको लागि विदेश जाने क्रम बढिरहेको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न घरपरिवारको धारणा अनुसार के कारणले गर्दा वैदेशिक रोजगारमा संलग्न हुनुपरेको धारणालाई तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

[1]अध्ययन क्षेत्रमा पक्की घर भन्नाले ईटा, सिमेन्टले पलष्टरबाट निर्मित घर, कच्ची घर भन्नाले माटो र काठबाट निर्मित घर र मिक्स घर भन्नाले एउटा घरको आधा भाग पक्की र आधा भाग कच्ची भएको बुझिन्छ ।

## तालिका नं. ९: वैदेशिक रोजगारमा जाने कारणहरु

| विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| गरिवीको कारणले | ७ | ३ | १० | ३४ |
| घरपरिवारको सल्लाहले | ४ | २ | ६ | २० |
| साथीभाई गएको देखेर | ४ | ५ | ९ | ३० |
| धेरै कमाइ गर्नका लागि | ३ | २ | ५ | १६ |
| जम्माः | १८ | १२ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ९ मा वैदेशिक रोजगारमा जानुपर्ने कारण के हो भन्ने सम्बन्धमा विश्लेषण गरिएको छ । जसमा वैदेशिक रोजगारमा संलग्न ३० घरधुरीलाई लिइएको छ । जसमा मधेसी समुदायबाट वैदेशिक रोजगारमा संलग्न १८ घरधुरी रहेको देखियो । जसमा गरिबीको कारणले गर्दा वैदेशिक रोजगारमा संलग्न हुनुपरेको भन्ने सबैभन्दा बढि अर्थात ७ घरधुरी देखियो र सबैभन्दा कम धेरै कमाई गर्नका लागि भन्ने ३ घरधुरी देखियो ।

पहाडी समुदायबाट वैदेशिक रोजगारमा संलग्न १२ घरधुरी देखियो । जसमा साथिभाई गएको देखेर रोजगारमा संलग्न हुने सबैभन्दा बढि अर्थात ५ घरधुरी देखियो । घर परिवारको सल्लाह र धेरै कमाई गर्नका लागि संलग्न हुने २-२ घरधुरी देखियो ।

यसरी वैदेशिक रोजगारमा संलग्न हुनुपर्ने कारण सम्बन्धलाई तुलना गर्दा सबैभन्दा बढि (३४%) गरिबीको कारणले र सबैभन्दा कम (१६%) धेरै कमाई गर्नका लागि भन्ने देखियो । आफ्नो क्षेत्रमा रोजगारको अवसर पाएका युवाहरु पनि त्यस रोजगारबाट आम्दानी कम भएकाले अर्थात आर्थिक स्थितिमा सुधार नभएकाले बढि आम्दानी गर्नको लागि र साथीभाई गएको देखेर पनि वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए ।

# अध्याय - पाँच

## वैदेशिक रोजगार र यसले समाजमा ल्याएको आर्थिक तथा सामाजिक परिवर्तन

यस अध्यायमा वैदेशिक रोजगार र यसले समाजमा ल्याएको आर्थिक तथा सामाजिक सम्बन्धका बारेमा विश्लेषण गर्नका लागि विभिन्न शीर्षक तालिकाबाट र वैदेशिक रोजगारमा संलग्न व्यक्तिका व्यक्तिगत भोगाइका कुराहरु, अन्तर्वार्ता, वैयक्तिक अध्ययन तथा समुह छलफल विधिबाट प्रष्ट पार्ने कोशिश गरिएको छ ।

### ५.१ वैदेशिक रोजगारको इतिहास

सामन्यतया: एक देशको श्रमिक अर्को देशमा रोजगारको लागि जाने परिपाटिबाट नै वैदेशिक रोजगारको शुरुवात भएको हो । वैदेशिक रोजगारको शुरुवातको इतिहास धेरै पहिलादेखि भएता पनि नेपालबाट विदेश जाने थालनी करिब २०० वर्ष अघिदेखि भएको पाइन्छ । सर्वप्रथम वैदेशिक रोजगारको शुरुवात ब्रिटिस गोर्खा सेनाबाट भएको हो । विगत २० वर्ष यतादेखि नेपाली कामदारहरु मुख्य रुपमा खाँडी मुलुक तथा मलेसियामा संस्थागत रुपमा वैदेशिक रोजगारका लागि जाने गरेको पाइन्छ । वैदेशिक रोजगार हाल बाध्यात्मक हुनुको प्रमुख कारण देशमा भएको बेरोजगारी समस्या, आन्तरिक द्वन्द तथा स्वदेशी उधोग तथा कलकारखाना क्रमशः बन्द हुँदै जानु पनि हो (Aakarshan International Pvt. Ltd, 2012) । नेपालीहरु विदेशिनुमा शिक्षित तथा वौद्धिक वर्गले पनि आफ्नो क्षमता अनुसारको रोजगार नपाउनु, रोजगारका अबसर कम, धेरै कमाइ गर्न र भर्खरै बामे सर्न लागेको घरेलु उधोगबाट उत्पादित सामानले विदेशी उत्पादनसित प्रतिस्प्रर्धा गर्न नसकेर उधोगधन्दाहरु धारासायी बन्न पुग्यो । यसरी नेपालीहरु रोजगारको लागि विदेश जाने प्रचलन शुरु भएको हो ।

यसै सन्दर्भमा अध्ययन क्षेत्रका व्यक्तिहरु धेरै अगाडीदेखि कामको सिलसिलामा भारतका विभिन्न ठाउँमा गएको भएता पनि यस अध्ययनमा भारत बाहेकका अन्य मुलुकहरुमा रोजगारीका लागि गएका व्यक्तिलाई मात्र संलग्न गराएकाले वैदेशिक रोजगारमा जाने चलन निकै पछिबाट भएको पाइन्छ । सर्वप्रथम यस क्षेत्रबाट वि.सं. २०५६ सालमा मधेसी समुदायका एकजना व्यक्ति वैदेशिक रोजगारका लागि मलेसिया गएका थिए । त्यसबेलादेखि अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा जाने चलन शुरु भएको थियो । यस समयमा वैदेशिक रोजगारमा जाने व्यक्तिलाई औलामा गन्न सकिने उत्तरदाताहरुले बताए ।

त्यसबेला वैदेशिक रोजगारमा गएका व्यक्तिको आर्थिक अवस्थामा धेरै सुधार आएकोले समाजमा उनको राम्रो छाप रहेको कुरा बताए । त्यस समयमा कमाएको कमाइले उनको पारिवारीक जीवनमा धेरै परिवर्तन ल्याउन सफल भएको कुरा उत्तरदाताले बताए । वैदेशिक रोजगारमा जानु अघि ऊ र उनका परिवार आफ्नै खेतमा काम गर्ने र अरुको खेत अधिया गर्ने गर्दथे । अहिले उसले मलेसियाको कमाइले १ विघा खेत र स्थानीय स्तरको बजारमा घडेरी किन्नुका साथै अरुलाई पैसा लगानी गर्ने भएका छन् । जसले गर्दा अध्ययन क्षेत्रका अन्य व्यक्तिहरुको पनि वैदेशिक रोजगारप्रति आकर्षण हुन थालेको कुरा उत्तरदाताले बताए । यसपछि वैदेशिक रोजगारको लागि अन्य देशमा जाने क्रम क्रमशः वृद्धि हुँदै गएको बताए । खाँडी मुलुकहरुमा जानको लागि रु. ५०,००० देखि १,५०,००० सम्म लागत लगाएर विभिन्न मेनपावर तथा दलालमार्फत युवाहरु विदेशिने क्रम बढेको छ । यसरी वैदेशिक रोजगारमा जाने संख्या वृद्धि हुनुको कारण देशमा भएको राजनैतिक अस्थिरता, वेरोजगार जस्ता समस्याले सृजना गरेको सामाजिक असहजताले गर्दा वि.सं. २०५६ देखि वि.सं. ०६६/६७ सम्म यस क्षेत्रबाट खाँडी मुलुकहरुमा जाने युवाहरुको संख्या वृद्धि भएको देखिन्छ ।

## ५.२ वैदेशिक रोजगारको प्रक्रिया

हरेक समाज मानविय अर्थतन्त्र, संस्कार र त्यसबाट निर्मित संस्कृतिको अन्तर सम्बन्धबाट समाज निर्देशित भएको हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारको प्रक्रियाको वारेमा अध्ययन गर्दा कुनै पनि व्यक्ति एकैचोटि रोजगारमा संलग्न नभई विभिन्न प्रकारको सञ्जालबाट प्रक्रिया अगाडी बढाएको पाइन्छ । यस रोजगारीमा संलग्न हुनको लागि आफ्नो समाजका व्यक्तिहरु कसरी वा कुन प्रक्रियाबाट वैदेशिक रोजगारमा संलग्न हुने गर्दछन् भन्ने कुराले पनि वैदेशिक रोजगारीको प्रक्रियाको प्रभाव पारेको हुन्छ (के.सी., २०६६: ६८) ।


सर्वप्रथम वैदेशिक रोजगारीको लागि राहदानी एकदमै नभई नहुने कुरा हो । वैदेशिक रोजगारको लागि राहदानी बनाई सकेपछि व्यक्ति कुनै पनि रोजगार एजेन्सीमा पुग्ने गर्दछ । यसरी रोजगारको लागि भिषा प्रक्रिया अगाडी बढाएर वैदेशिक रोजगार एजेन्सीले जुन देशमा आफ्नो कामदार पठाउने हो । त्यस कम्पनीबाट आफ्नो मागको आधारमा प्रक्रिया अनुसार वैदेशिक रोजगारमा संलग्न गराउने गर्दछ । यहाँका श्रमिकहरु गन्तव्य देशमा जानु अघि दुवै पक्ष (रोजगारदाता र श्रमिक) बीच सहमति पत्रमा हस्ताक्षर गर्ने गरिन्छ । त्यसपछि सम्बन्धित श्रमिक वा कामदारलाई सबै पक्षको वारेमा काम, तलब,

सुविधा, सुरक्षा आदिको वारेमा स्पष्ट पार्ने गरिन्छ । कानूनतः यसरी वैदेशिक रोजगारमा पठाउने संस्थाले पूर्व स्वीकृति र अन्तिम स्वीकृति नेपाल सरकारबाट लिएर भिषा निष्कासन गर्ने र सम्बन्धित देशमा पठाउने गर्दछ (दाहाल, २०६६: ८६) ।


माथि उल्लेखित वैदेशिक रोजगारीको प्रक्रिया के-कति रुपमा पुरा गरि वा नगरी कुन प्रक्रियाबाट अध्ययन क्षेत्रका सहभागीहरु वैदेशिक रोजगारमा संलग्न भएका छन् भन्ने कुरालाई उनीहरुसँग गरिएको छलफलको आधारमा उल्लेख गरिएको छ ।

अध्ययन क्षेत्र अर्न्तगत सहभागीहरु स्थानीय चिनजानको व्यक्ति, आफन्त र स्थानीय स्तरको एजेन्टमार्फत केन्द्रिय मेनपावरमा सम्पर्क राखि आफ्नो राहदानी बुझाएर फर्कने गरेको पाइयो । यसप्रकार आफ्नो पासपोर्ट सहित अन्य आवश्यक कागजपत्र मेनपावरमा बुझाई भिषा आउने आशामा बसि भिषा आएपछि रोजगारमा जानको लागि काठमाडौं जाने गरेको पाइयो ।

**पहिलो प्रकृतिका सहभागी**




**दोस्रो प्रकृतिका सहभागीहरु**




यसप्रकार माथि उल्लेखित दुईवटा प्रकृतिका सहभागीमध्ये पहिलो प्रकृतिका सहभागीहरु लामो सञ्जालबाट रोजगारमा संलग्न भएको, खर्च पनि बढि लागेको र तलब सुविधा कम पाएको बताए भने दोस्रो प्रकृतिका सहभागीहरु आफैंले बुझेर रोजगारमा संलग्न भएको कारण खर्च कम लागेको र सहमति अनुसारको सुबिधा पाएको कुरा बताए । रोजगारमा संलग्न भएको प्रक्रियालाई यसप्रकार प्रष्ट्याउने प्रयास गरिएको छ ।

## ५.३ वैदेशिक रोजगारमा संलग्नहरुको सामाजिक अवस्था

समाजमा व्यक्ति तथा परिवारको आ-आफ्नै भूमिका रहेको हुन्छ, जसले समाजलाई निरन्तर अगाडी बढाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जसलाई व्यक्तिको उमेर, लिङ्ग, जात, धर्म, शिक्षा आदिले निर्धारण गरेको हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको सामाजिक अवस्थाको बारेमा जानकारी दिन विभिन्न उपशीर्षकहरुमा तालिका बनाई व्याख्या र विश्लेषण गरिएको छ ।

### ५.३.१ उमेर

उमेरलाई विभिन्न समुहमा विभाजन गरेर अध्ययन गरिएको छ । व्यक्तिहरुले आफ्नो जीवनकालमा विभिन्न उमेर समुह पार गरि अगाडी बढिरहेको हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेरलाई सक्रिय जनशक्ति भनेर बुझिन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको उमेरगत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०: वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको उमेरगत विवरण**

| उमेर समुह | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| २० - ३० वर्षसम्म | ९ | ८ | १७ | ५७ |
| ३० - ४० वर्षसम्म | ७ | ४ | ११ | ३६ |
| ४० वर्षभन्दा माथि | २ | – | २ | ७ |
| जम्मा: | १८ | १२ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १० अनुसार वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको उमेरगत विवरण विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रको वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु ३० जना रहेको पाइयो । जसमा मधेसी समुदायबाट १८ जना रहेको देखियो । जसमा २०-३० उमेर समुहका सबैभन्दा बढि ९ जना संलग्न भएको पाइयो भने ३०-४० उमेर समुहका ७ जना र ४० वर्षभन्दा माथिको २ जना भएको पाइयो ।

त्यसैगरि पहाडी समुदायबाट वैदेशिक रोजगारमा संलग्न भई फर्किएका १२ जना रहेको देखियो । जसमा २०-३० वर्षसम्मका ८ जना रहेको देखियो । जसमा ३०-४० वर्ष

सम्मका ४ जना रहेको पाइयो भने ४० वर्षभन्दा माथि कोहि पनि वैदेशिक रोजगारमा संलग्न नभएको पाइयो ।

यसरी वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु २०-३० वर्षसम्मका उमेर तुलना गर्दा सबैभन्दा बढि (५७%) र ४० वर्षभन्दा माथिका सबैभन्दा कम (७%) संलग्न भएको देखिन्छ । वैदेशिक रोजगारमा सक्रिय युवा जनशक्तिहरु नै बढि मात्रामा संलग्न भएको पाइयो । सहभागीहरुको भनाई अनुसार स्वदेशमा रोजगारको अवस्था सृजना हुन नसक्दा वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए र, उनीहरुलाई किन फर्कनु भएको भन्ने प्रश्नमा सहभागीमध्ये धेरैले त्यति तलब सुविधा राम्रो नभएकाले फर्किएको बताए ।

## ५.३.२ शिक्षा

शिक्षा मानव समाजको आधारभूत तत्व हो । यसले समाज निर्माणको क्रममा अर्थात शैक्षिक जनशक्तिको निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । देशमा आफ्नो योग्यता अनुसारको रोजगारी नपाउँदा शैक्षिक जनशक्तिको निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । देशमा आफ्नो योग्यता अनुसारको रोजगारी नपाउँदा शैक्षिक जनशक्ति वैदेशिक रोजगारतर्फ आकर्षित हुने क्रम बढिरहेको छ । जसले गर्दा देश तथा समाजको विकास निर्माणमा प्रभाव परेको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको शैक्षिक विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११: वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको शैक्षिक विवरण**

| विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| निरक्षर | ६ | १ | ७ | २४ |
| दश कक्षाभन्दा कम | ९ | ६ | १५ | ५० |
| एस. एल. सी. वा सोसरह | १ | ४ | ५ | १६ |
| आइ. ए. वा सोभन्दा माथि | २ | १ | ३ | १० |
| जम्माः | १८ | १२ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. ११ अनुसार, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको शैक्षिक विवरणलाई विश्लेषण गरिएको छ । जसमा मधेसी समुदायबाट १८ जना रहेका छन् । जसमध्ये निरक्षर ६ जना, दश कक्षाभन्दा कम पढेका ९ जना, एस. एल. सी. वा सो सरह १ जना र आइ. ए. वा सोभन्दा माथि २ जना रहेको पाइयो ।

पहाडी समुदायबाट १२ जना रहेका छन् । जसमध्ये निरक्षर १ जना, दश कक्षाभन्दा कम पढेका ६ जना, एस. एल. सी. वा सो सरह ४ जना र आइ. ए. वा सोभन्दा माथि १ जना पाइयो । जसले गर्दा अध्ययन क्षेत्रका कम शैक्षिक योग्यता भएका नै बढि मात्रामा खाँडी मुलुकमा रोजगारको लागि संलग्न भएको पाइयो । शैक्षिक अबस्था बढि भएका प्रायः दक्षिण कोरिया र अन्य देशमा गएको पाइयो ।

वैदेशिक रोजगारमा संलग्न घरपरिवारका बालबालिकाको शैक्षिक अबस्थालाई हेर्दा वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडी सरकारी स्कुलमा अध्ययन गराइएको पाइयो । निजि स्कुलको महंगो शुल्कको कारण आफ्नो आम्दानीले धान्न नसकेको कारण निजि स्कुलमा बालबालिका पढाउन नसक्ने भएको कुरा बताए ।

वैदेशिक रोजगारबाट फर्किएका सदस्यहरुको भनाई अनुसार सम्पूर्ण संलग्न सदस्यहरु सरकारी स्कुलमा पढेको र पढाइको स्तर त्यति राम्रो नभएकाले विशेषगरी अंग्रेजी भाषाको ज्ञान नभएकाले र, कोही सदस्य नपढेकाले उनीहरुलाई विदेशमा भाषागत समस्याको कारण काममा पनि समस्या परेको बताए । जसको कारणले गर्दा आफ्नो बालबच्चालाई निजी स्कुलमा पढाउँदा पढाइको स्तरमा सुधार भएपछि आफुहरुलाई जस्तो समस्या नपरोस् भनेर जसरी भए पनि निजी स्कुलमा पढाउन थालेको सहभागीहरुले बताए । यसरी वैदेशिक रोजगारमा संलग्न घरपरिवारको आम्दानी धेरै हुनेले पनि थोरै हुनेले पनि आफ्नो बालबालिकालाई निजी स्कुलमा पढाउन थालेको बताए । यसरी वैदेशिक रोजगारको सम्बन्ध शिक्षासँग रहेको देखियो ।

## ५.४ आर्थिक विवरण

रोजगार र अर्थतन्त्रको सम्बन्ध नङ र मासुको जस्तै रहेको हुन्छ । अर्थतन्त्रमा सुधार आएपछि आर्थिक अवस्थामा पनि सुधार आएको हुन्छ । सहभागीहरुमध्ये उनीहरुको अवस्थाको बारेमा व्याख्या गरि तालिका बनाई विश्लेषण गरिएको छ ।

### ५.४.१ पूर्व पेशा

पेशा भन्नाले कुनै पनि व्यक्तिले आफ्नो जीवनयापन गर्नका लागि अपनाइने काम हो । जुन व्यक्ति स्वयं र उसको पारिवारीक जीवनसँग सम्बन्धित भएको हुन्छ । पेशाको सम्बन्ध प्रत्यक्ष अर्थतन्त्रसँग हुने गर्दछ । त्यसैले वैदेशिक रोजगारमा संलन्न हुनुभन्दा अगाडीको पेशालाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२: वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको पेशागत विवरण**

| पूर्व पेशा | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| कृषि | ३ | ३ | ६ | २० |
| व्यापार | १ | – | १ | ४ |
| अध्ययन | २ | ३ | ५ | १६ |
| वेरोजगार | २ | २ | ४ | १३ |
| मजदुरी | १० | ४ | १४ | ४७ |
| जम्माः | १८ | १२ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १२ अनुसार, वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको पेशागत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका ३० जना सहभागीहरुलाई लिइएको छ । जसमा मधेसीबाट १८ जना र पहाडी समुदायबाट १२ रहेका छन् । जसमध्ये सबैभन्दा बढि १४ जना मजदुरी गर्दै आएका र सबैभन्दा कम १ जना व्यापार गर्दै आएका छन् ।

पहाडी समुदायका १२ जनामध्ये अध्ययन गर्दै आएका र कृषि पेशा अपनाएका ३-३ जना रहेका छन् भने वेरोजगार २ जना र मजदुरी गर्दै गरेको ४ जना रहेका छन् ।

वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडी सहभागिहरुको पेशालाई हेर्दा सबैभन्दा बढि (४७%) मजदुरी र सबैभन्दा कम (४%) व्यापार पेशा अपनाउने देखियो । मजदुरी, कृषि र अध्ययन विभिन्न पेशामा संलग्न भएता पनि त्यस पेशाबाट प्राप्त आम्दानीले आफ्नो परिवारको पालन-पोषण गर्न गाह्रो भएकाले पनि वैदेशिक रोजगारमा संलग्न भएको बताए । साथै अध्ययन गर्दै गरेका, वेरोजगार र कृषि पेशामा संलग्नहरु पनि बढि आम्दानी गर्नको लागि र साथीभाई गएको देखेर वैदेशिक रोजगारमा संलग्न भएको बताए । वैदेशिक रोजगारमा संलग्न भएर पनि आम्दानीमा त्यत्ति सुधार नभएकाले सहभागीहरु फर्किएको बताए ।

## ५.४.२ हालको पेशा

वैदेशिक रोजगारमा जानु पूर्व संलग्न (कृषि ५०%, व्यापार ८%, नोकरी ६% र मजदुरी ३६%) घरपरिवारले पेशा अपनाएको देखियो । रोजगारबाट फर्कि आएपछि सहभागिहरुले के-कस्तो पेशा अंगालेका छन् भनि यहाँ प्रस्तुत गरिएको छ ।

## तालिका नं. १३ः अनुसार वैदेशिक रोजगारबाट फर्किएपछिको पेशागत विवरण

| हालको विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| कृषि | ५ | ३ | ८ | २६ |
| व्यापार | ७ | ४ | १२ | ३७ |
| अध्ययन | – | – | – | – |
| नोकरी | – | – | – | – |
| वेरोजगारी | ४ | ४ | ८ | २७ |
| मजदुरी | २ | १ | ५ | १० |
| जम्माः | १८ | १२ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १३ अनुसार, वैदेशिक रोजगारबाट फर्किएपछिको पेशागत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका ३० जनामध्ये मधेसी समुदायका १८ जना रहेका छन् । जसमध्ये सबैभन्दा बढि विदेशबाट फर्किएका ७ जना (मोवाइल पसल १ जना, किराना पसल ३ जना, खाधान्न व्यापार १ जना, चिया पसल १ जना र गोरु व्यापार १ जना) व्यापारमा संलग्न भएको पाइयो र सबैभन्दा कम २ जना मजदुरी पेशामा संलग्न भएको पाइयो ।

त्यसैगरि पहाडी समुदायका वैदेशिक रोजगारबाट फर्किएका १२ जना रहेका छन् । जसमध्ये ३ जना कृषि पेशामा, व्यापारमा ४ जना (किराना पसल २ जना, साइकल पसल १ जना र होटल १ जना) संलग्न भएको पाइन्छ । वेरोजगारी ४ जना र मजदुरी १ जना संलग्न भएको पाइयो ।

तुलनात्मक रुपमा हेर्दा वैदेशिक रोजगारबाट फर्किएपछि सहभागीहरुमध्ये सबैभन्दा बढि (३७%) ले व्यापार र सबैभन्दा कम (१०%) ले मजदुरी गरको बताए । यसरी सहभागीहरुको भनाइ अनुसार आफ्नो देशमा रोजगारको अवस्था सृजना हुनसके वैदेशिक रोजगारमा नजाने बताए । केहि वेरोजगारीहरुले चाहि राम्रो ठाउँ र बढि तलब पाए फेरि रोजगारमा जाने विचारले केहि समय वेरोजगार बसेको बताए । यसरी वैदेशिक रोजगारबाट फर्किएपछि उनीहरुको पेशामा पनि फरक परेको देखियो ।

### ५.४.३ आर्जित रकमको उपयोग

वैदेशिक रोजगारबाट आर्जन गरेको रकमले के-कस्तो कार्यमा खर्च गरेका छन् भनी रोजगारबाट फर्केर आएका सहभागीहरुको भनाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४: वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोगसम्बन्धी विवरण**

| रकमको उपयोग | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| जग्गा किने | ४ | ३ | ७ | २३ |
| घर बनाए | २ | ६ | ८ | २७ |
| ऋण तिरे | ११ | २ | १३ | ४३ |
| अन्य | १ | १ | २ | ७ |
| जम्माः | १८ | १२ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १४ अनुसार, वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोग के-कसरी गरेका छन् भनी विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका ३० जना सहभागिलाई लिइएको छ। जसमा मधेसी समुदायबाट १८ जना रहेका छन् । जसमध्ये सबैभन्दा बढि ११ जनाले ऋण तिरेको बताए । ऋण भन्नाले रोजगारमा जानु पूर्वको ऋण र रोजगारमा जाँदा लागेको सम्पूर्ण खर्च भन्ने बुझिन्छ। सबैभन्दा कम २ जनाले घर बनाए र अन्य १जनाले मनोरञ्जन तथा शिक्षामा खर्च गरेको बताए।

त्यसैगरि पहाडी समुदायमा वैदेशिक रोजगारबाट फर्केका १२ जना रहेका छन् । जसमध्ये ३ जनाले जग्गा किने, ६ जनाले घर बनाए, २ जनाले ऋण तिरे र १ जनाले अन्यमा खर्च गरेको बताए ।

वैदेशिक रोजगारबाट आर्जित रकमले सहभागीमध्ये सबैभन्दा बढि (४३%) ले ऋण तिरेको र सबैभन्दा कम (७%) ले अन्यमा खर्च गरको बताए । सहभागीको भनाइको आधारमा अल्पकालिन रुपमा भए पनि सुधार ल्याई सकारात्मक परिवर्तन आएको र केहिले मात्र खासै परिवर्तन नआएको बताए । जुन कुरालाई प्रष्ट पार्नका लागि सहभागीमध्ये एक जनाको घटनालाई वैयक्तिक अध्ययनको रुपमा प्रस्तुत गरिएको छ।

अध्ययन क्षेत्रमा बस्दै आएका ३५ वर्षिया पहाडी समुदायको सहभागीले आफू र आफ्नो परिवारको जीविका चलाउनको लागि गाउँघरको साथीभाईको सहयोगमा वैदेशिक रोजगारमा जाने निर्णय गरेको बताए । सुरुमा घरमा कमाई नभएर आर्थिक अवस्था कमजोर भएको बताए । जसले गर्दा सानो-तिनो समस्या पर्दा चाडपर्व मान्न, बिरामी पर्दा पनि साहुसित ऋण काढ्नुपर्ने स्थिति थियो । गाउँघरका सबै वैदेशिक रोजगारमा गएको देखेपछि उनी पनि परिवारको सल्लाहले साहुसित ऋण रु. १,२०,००० रकम निकाली कतार गएको बताए । त्यहाँ पुगेर उसले शुरुमा केहि महिना फर्निचरमा काम गरेको र पछि उनलाई उसको मालिकले फर्निचरको गाडी चलाउन दिएको बताए । यसरी करिब २ वर्ष जति गाडी चलाउँदा उनले मासिक रु. ३५,००० कमाउने गरेको बताए । उनी ३ वर्ष कतारमा बसि नेपालमा फर्किएको बताए । वैदेशिक रोजगारबाट कमाएको रकमले ऋण तिरेको, जग्गा किनेको र पुनः विदेश फर्किएको कुरा बताउँछन् र करिब ऊ ३ वर्ष काम गरेर अहिले नेपालमा रहेको देखियो । अहिले आएर उनले अध्ययन क्षेत्रमा १ तले पक्की घर बनाएका छन् र त्यही आफ्नो घरमा पसल सुरु गरेको बताए । जसको कारण उनको परिवारमा सुधार आएको बताउनुका साथै वैदेशिक रोजगारमा जानु अघि साहुसित ऋण र सापट लिनुपर्ने स्थिती थियो । अहिले उसले अरुलाई सरसापट दिनसक्ने भएको बताए । वैदेशिक रोजगारको कारणले नै उनको परिवारको जीवनस्तरमा सुधार आएको बताए ।

समग्रमा हेर्दाखेरि बहुसंख्यक रोजगार र अर्धवेरोजगार जनशक्ति जसको कमाइनै नहुने वा भएको कमाइले खर्च नपुग्ने अवस्थाका जनशक्तिहरुले पनि छोटो समय वा अल्पकालिन रुपमा भएपनि केहि आम्दानी गर्ने अवसर वैदेशिक रोजगारको आम्दानीले परिवारको आर्थिक  स्थितीमा सुधार आएको बताए ।

### ५.४.४ सीप

सामान्य अर्थमा सीप भन्नाले कुनै पनि व्यक्तिले गर्ने काम वा जानेको कामलाई जनाउँछ । वैदेशिक रोजगारको सम्बन्धमा सीपले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कतिपय अवस्थामा व्यक्तिहरु वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडी कुनै सीप सिकेको अवस्थामा सीप अनुसारको काम पाएका हुन्छन् । जसले गर्दा आम्दानी पनि बढि हुने गर्दछ भने कतिपयले विदेशमा काम गर्ने सिलसिलामा विभिन्न प्रकारको सीप सिकेको पाइन्छ । यसै सन्दर्भमा सहभागीहरुले विदेशमा कुनै सीप सिके वा सिकेनन भनी यहाँ प्रस्तुत गरिएको छ ।

## तालिका नं. १५: वैदेशिक रोजगारमा सिकेको सिपसम्बन्धी विवरण

| विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| सिप सिके | ६ | ७ | १३ | ४३ |
| सिप सिकिन | १२ | ५ | १७ | ५७ |
| जम्मा: | १८ | १२ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १५ अनुसार, वैदेशिक रोजगारमा सिकेको सीप सम्बन्धमा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका ३० जना सहभागीमध्ये मधेसी समुदायबाट १८ जना रहेका छन् । जसमा वैदेशिक रोजगारमा रहँदा कुनै सीप सिकिन भन्ने सहभागीहरु सबैभन्दा बढि अर्थात १२ जना रहेको देखियो भने सीप सिकेर फर्किएको सहभागीहरु कम रहेको देखियो ।

त्यसैगरि पहाडी समुदायमा वैदेशिक रोजगारबाट फर्किएका १२ जना सहभागीहरु रहेका छन् । जसमध्ये विदेशमा सीप सिकेर फर्के भन्ने सहभागी ७ जना र सीप नसिकिकन फर्के भन्ने सहभागी ५ जना रहेको देखियो ।

वैदेशिक रोजगारबाट फर्किएका सहभागीहरुमध्ये सबैभन्दा बढि (५७%) ले कुनै सीप नसिकिकन फर्किएको र सबैभन्दा कम (४३%) ले सीप सिकेर फर्केको बताए । सहभागीहरुको भनाइ अनुसार सामान्य कामदारको रुपमा विदेश जाने गरेकाले सीपमूलक काममा संलग्न हुन नपाएको बताए भने केहिले मात्र ड्राइभिङ्ग, खेती र पलष्टर गर्ने काम सिकेर फर्किएको बताए । यसै सन्दर्भमा एक जना सहभागीले आफुले विदेशमा ड्राइभिङ्गको काम सिकेकाले हाल आएर ड्राइभिङ्ग पेशा अपनाई घरमा बसेको बताए । यसरी वैदेशिक रोजगारमा सिकेको सीप नेपालमा उपयोग गर्न सके अर्थात उपयोग गर्ने वातावरण सृजना हुन सके आफ्नो परिवारको जीवन निर्वाह राम्ररी गर्न सकिने कुरा सहभागीहरुले बताए ।

### ५.४.५ भाषा

भाषा भन्नाले संस्कृतिसँग सम्बन्धित हुन्छ । यो एउटा सञ्चारको माध्यम पनि हो । वैदेशिक रोजगारमा भाषा महत्वपूर्ण पक्ष हो । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न भएपछि सहभागीहरुले कुनै भाषा सिके वा सिकेनन भन्ने कुरालाई तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६: वैदेशिक रोजगारबाट फर्कदा सिकेर आएको भाषासम्बन्धी विवरण**

| विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| भाषा सिकेर फर्केको | ७ | ८ | १५ | ५० |
| भाषा नसिकिकन फर्केको | ११ | ४ | १५ | ५० |
| जम्माः | १८ | १२ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १६ अनुसार, वैदेशिक रोजगारबाट फर्किएका केहि सहभागीहरुले विदेशबाट कुनै भाषा सिकेर फर्केको हो वा होइन भन्ने सम्बन्धमा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारबाट फर्किएका ३० जना सहभागीमध्ये मधेसी समुदायबाट १८ जना सहभागी रहेका छन् । जसमा विदेशबाट फर्कदा भाषा नसिकिकन फर्केको संख्या बढि देखियो भने ७ जनाले सम्बन्धित देशको भाषा सिकेर फर्केको बताए ।

त्यसैगरि पहाडी समुदायमा वैदेशिक रोजगारबाट फर्किएका १२ जना सहभागीमध्ये भाषा सिकेर फर्कनेको संख्या बढि वा ८ जना रहेको छ भने भाषा नसिकिकन फर्कने ४ जना सहभागी भएको बताए ।

समग्रमा तुलना गर्दा वैदेशिक रोजगारमा सहभागीहरुमध्ये भाषा सिकेर (५०%) र भाषा नसिकीकन (५०%) फर्केको सहभागीले बताए । वैदेशिक रोजगारमा संलग्न सहभागीका भनाइमा आगामी दिनमा सम्बन्धित देशको भाषा सिकेर सम्बन्धित देशमा जाँदा सहज हुने कुरा बताए ।

## ५.५ आर्थिक परिवर्तन

वैदेशिक रोजगारमा संलग्न सहभागीहरुको आवश्यकताको प्राथमिक्ताको आधारमा घर बनाउने, जग्गा किन्ने, पारिवारीक ऋण तिर्ने आदि कार्यबाट केहि हदसम्म भएपनि आर्थिक अवस्थामा सुधार आएको छ भने केहि सहभागीहरुले ऋण तिर्नुका साथै अन्य व्यवहार जस्तैः- शिक्षा, व्यापार-व्यवसाय, मनोरञ्जन, बैंक आदि क्षेत्रमा लगानी गरेको बताए । वैदेशिक रोजगारको सम्बन्धले सहभागीहरुको आर्थिक स्थितिमा सकारात्मक प्रभाव पारेको देखिन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न परिवारको आर्थिक परिवर्तनसम्बन्धी विवरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७: वैदेशिक रोजगारले ल्याएको आर्थिक परिवर्तनसम्बन्धी विवरण**

| विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| सुधार आएको छ | २६ | १८ | ४४ | ८८ |
| उस्तै छ | ३ | १ | ४ | ८ |
| झन खराब भएको छ | २ | – | २ | ४ |
| जम्माः | ३१ | १९ | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १७ अनुसार, वैदेशिक रोजगारमा संलग्नहरुको आर्थिक स्थितिमा पारेको परिवर्तन हेर्न खोजिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न ५० घरधुरीमध्ये मधेसी समुदायको ३१ घरधुरी रहेका छन् । जसमा सबैभन्दा बढि आर्थिक स्थितिमा सुधार आएको छ भन्ने सबैभन्दा बढि अर्थात २६ घरधुरी रहेका छन् र सबैभन्दा कम झन खराब भएको छ भन्ने रहेको देखियो ।

त्यसैगरि पहाडी समुदायबाट वैदेशिक रोजगारमा संलग्न १९ घरधुरीमध्ये वैदेशिक रोजगारको आम्दानीले आफ्नो परिवारमा आर्थिक स्थितिमा सुधार आएको छ भन्ने १८ घरधुरी रहेको देखियो । आर्थिक स्थिति उस्तै छ भन्ने परिवार १ घरधुरी रहेको देखियो ।

समग्रमा हेर्दा बहुसंख्यक वेरोजगार र अर्धवेरोजगार जनशक्ति जसको कमाइले खर्च नपुग्ने अवस्थाका जनशक्तिहरुले अल्पकालिन रुपमा भएपनि रोजगार भै केहि आम्दानी गर्ने अवसर वैदेशिक रोजगारमार्फत प्राप्त गरेको देखियो । जसमा तुलना गर्दा सबैभन्दा बढि ( ८८%) ले आर्थिक परिवर्तनमा सुधार आएको र सबैभन्दा कम (४%) ले आर्थिक अवस्था झन खराब भएको बताए । धेरैले त्यस आम्दानीबाट आफ्नो आर्थिक अबस्थामा केहि मात्रामा सुधार आएको सहभागीहरुले बताए । वैदेशिक रोजगारको कमाइले मोवाइल, ल्यापटप, टि.भी. आदि ल्याउने गर्नुका साथै केहिले जग्गा किनेको, घर बनाएको र ऋण तिर्ने गरेको बताए । आर्थिक अवस्थामा सबल भएपछि मात्र सामाजिक सम्बन्धमा सुधार आएको छ भनी बताए ।

## ५.६ सामाजिक परिवर्तन

वैदेशिक रोजगारमा संलग्न घरपरिवारको कुराकानीको आधारमा उनीहरुको परिवारमा वैदेशिक रोजगारले के-कस्तो परिवर्तन भएको छ भनी छलफल गर्दा उनीहरुको

भनाइ प्रस्तुत गरिएको छ । वैदेशिक रोजगारको सम्बन्धले सामाजिक सम्बन्ध (शिक्षा, स्वास्थ्य, आत्मनिर्भर, सामाजिक कार्य,सम्मान) आदिमा परिवर्तन पारेको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक परिवर्तनलाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८: वैदेशिक रोजगारले सहभागी परिवारमा पारेको सामाजिक परिवर्तनसम्बन्धी विवरण**

| विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| परिवर्तन आएको छ | २२ | १८ | ४० | ८० |
| परिवर्तन आएको छैन | ९ | १ | १० | २० |
| जम्माः | ३१ | १९ | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १८ अनुसार, वैदेशिक रोजगारले संलग्न परिवारको भनाइमा रोजगारमा संलग्न हुनुभन्दा अगाडी उनीहरुको आर्थिक अबस्था कमजोर भएको बताए । सामाजिक अवस्थामा पारेको परिवर्तन हेर्न खोजिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न ५० घरधुरीमध्ये मधेसी समुदायबाट ३१ जना रहेका छन् । जसमा सबैभन्दा बढि परिवर्तन भयो भन्ने २२ जना रहेका छन् र जसमध्ये वैदेशिक रोजगारले सामाजिक सम्बन्धमा परिवर्तन आएको  छैन भन्ने ९ जना रहेका छन् ।

त्यसैगरि पहाडी समुदायबाट वैदेशिक रोजगारमा संलग्न १९ जनामध्ये वैदेशिक रोजगारले सामाजिक सम्बन्धमा परिवर्तन भयो भन्ने १८ जना र परिवर्तन आएको छैन भन्ने १ जना रहेको बताए ।

वैदेशिक रोजगारमा संलग्न भएपछि आर्थिक अवस्थामा परिवर्तन हुने भएकोले सहभागीहरुको सामाजिक अवस्थामा परिवर्तन आएको छ भन्ने (८०%) र परिवर्तन आएको छैन भन्ने (२०%) पाइयो । आर्थिक अवस्थामा परिवर्तन आएपछि सहभागी अर्थात सहभागीको परिवारलाई समाजमा हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आएको पाइन्छ ।

## ५.७ वैदेशिक रोजगारप्रतिको धारणा

वैदेशिक रोजगारमा संलग्न भएर फर्किएका सहभागीहरुले वैदेशिक रोजगारलाई कसरी मूल्यांकन गरेका छन् अर्थात के कारणले आकर्षण भयो भन्ने सन्दर्भमा यहाँ प्रस्तुत गरिएको छ ।

## तालिका नं. १९: वैदेशिक रोजगारप्रतिको आकर्षणसम्बन्धी विवरण

| विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| घरपरिवारको सल्लाहले | ४ | ३ | ७ | २३ |
| गरिबीको कारणले | ७ | ५ | १२ | ४० |
| साथीभाई गएको देखेर | ४ | २ | ६ | २० |
| धेरै कमाइ गर्नका लागि | ३ | २ | ५ | १७ |
| जम्माः | १८ | १२ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. १९ अनुसार, वैदेशिक रोजगारप्रतिको आकर्षण सम्बन्धमा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका ३० जना सहभागीमध्ये मधेसी समुदायबाट १८ जना रहेका छन् । जसमा गरिबीको कारणले गर्दा वैदेशिक रोजगारप्रति आकर्षण बढेको हो भन्ने सहभागी सबैभन्दा बढि अर्थात ७ जना रहेको देखियो । घरपरिवारको सल्लाहले र साथीभाई गएको देखेर भन्ने जम्मा ४-४ जना रहेको देखियो । सबैभन्दा कम धेरै कमाई गर्नका लागि भन्ने ३ जना रहेको पाइयो ।

त्यसैगरि पहाडी समुदायबाट वैदेशिक रोजगारबाट फर्किएका १२ जनामध्ये गरिबीको कारणले ५ जना, घरपरिवारको सल्लाहले ३ जना, साथीभाई गएको देखेर र धेरै कमाई गर्नका लागि भन्ने २-२ जना रहेको पाइयो ।

सहभागीहरुलाई तुलना गर्दा सबैभन्दा बढि (४०%) ले गरिबीको कारणले र सबैभन्दा कम (१७%) धेरै कमाइ गर्नका लागि भन्ने वैदेशिक रोजगारमा संलग्न भएको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने वैदेशिक रोजगारप्रति आकर्षण नभई गरिबीको कारण आफ्नो घरपरिवारको पालनपोषणमा कठिनाई भएको कारण वैदेशिक रोजगारमा जाने गरेको बताए । तालिका नं. २० मा वैदेशिक रोजगारमा पुनः जाने संभावना छ वा छैन भनी सहभागीसँगको धारणालाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. २०: मा वैदेशिक रोजगारमा पुनः जाने संभावनासम्बन्धी विवरण**

| विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| घरपरिवारको सल्लाहले | ४ | ३ | ७ | २३ |
| गरिबीको कारणले | ७ | ५ | १२ | ४० |
| साथीभाई गएको देखेर | ४ | २ | ६ | २० |
| धेरै कमाइ गर्नका लागि | ३ | २ | ५ | १७ |
| जम्माः | १८ | १२ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. २० अनुसार, वैदेशिक रोजगारप्रतिको आकर्षण सम्बन्धमा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका ३० जना सहभागिमध्ये मधेसी समुदायबाट १८ जना रहेका छन् । जसमा गरिबीको कारणले गर्दा वैदेशिक रोजगारप्रति आकर्षण बढेको हो भन्ने सहभागी सबैभन्दा बढि अर्थात ७ जना रहेको देखियो । घरपरिवारको सल्लाहले र साथीभाई गएको देखेर भन्ने जम्मा ४-४ जना रहेको देखियो । सबैभन्दा कम धेरै कमाइ गर्नका लागि भन्ने ३ जना रहेको पाइयो ।

त्यसैगरि पहाडी समुदायका वैदेशिक रोजगारबाट फर्किएका १२ जनामध्ये गरिबीको कारणले भन्ने ५ जना रहेको पाइयो । घरपरिवारको सल्लाहले ३ जना, साथीभाई गएको देखेर र धेरै कमाई गर्नका लागि भन्ने २-२ जना रहेको पाइन्छ ।

सहभागीमध्ये सबैभन्दा बढि (४०%) ले गरिबीको कारण र सबैभन्दा कम (१७%) ले धेरै कमाई गर्नका लागि भन्ने बताए । यसबाट के प्रष्ट हुन्छ भने वैदेशिक रोजगारप्रति आकर्षण नभई गबीको कारण आफ्नो घरपरिवारको पालनपोषणमा कठिनाई भएको कारण वैदेशिक रोजगारमा जाने गरेको बताए ।

यसै सन्दर्भमा तालिका नं. २१ मा वैदेशिक रोजगारमा पुनः जाने संभावना छ वा छैन भनी सहभागीहरुसँगको धारणालाई प्रस्तुत गरिएको छ । सहभागीको धारणामा वैदेशिक रोजगारमा संलग्न सहभागीले तलब र सुविधा बढि भएकाले पूनः जान चाहने र तलब र सुविधा कम भएका र स्वदेशमै रोजगार पाए जान नचाहने सहभागीले बताए ।

**तालिका नं. २१: मा वैदेशिक रोजगारमा पुनः जाने संभावनासम्बन्धी विवरण**

| विवरण | समुदाय | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | मधेसी | पहाडी | | |
| पुनः जान चाहन्छु | ३ | ३ | ६ | २० |
| पुनः जान चाहन्न | ५ | १ | ६ | २० |
| स्वदेशमा रोजगार पाए जान्न | ९ | ६ | १५ | ५० |
| यस वारेमा केहि सोचेको छैन | १ | २ | ३ | १० |
| जम्माः | १८ | १२ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका नं. २१ अनुसार, वैदेशिक रोजगारबाट फर्किएका सहभागीहरुलाई पुनः जाने संभावना छ वा छैन भन्ने कुरा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका ३० जना सहभागीमध्ये मधेसी समुदायबाट १८ जना रहेका छन् । जसमा पुनः रोजगारमा जाने संभावानाको वारेमा कुरा गर्दा स्वदेशमा रोजगार पाए पुनः नजाने भन्ने सहभागी सबैभन्दा बढि अर्थात ९ जना रहेको देखियो । पुनः जान चाहन्छु भन्ने ३ जना रहेका छन् । त्यसैगरि पुनः जान चाहन्न भन्ने ५ जना र यसबारेमा केहि सोचेको छैन भन्ने १ जना रहेको देखियो ।

त्यसैगरि पहाडी समुदायको वैदेशिक रोजगारबाट फर्किएका १२ जना सहभागीमध्ये पुनः रोजगारमा जाने संभावनाको बारेमा कुरा गर्दा स्वदेशमा रोजगार पाए जान्न भन्ने सहभागी सबैभन्दा बढि अर्थात ६ जना रहेको देखियो भने पुनः नजाने सहभागी १ जना मात्र रहेको देखियो ।

सहभागीहरुमध्ये सबैभन्दा बढि (५०%) ले स्वदेशमा रोजगार पाए जान्न र सबैभन्दा कम (१०%) ले यस वारेमा केहि सोचेको छैन भन्ने कुरा बताए । स्वदेशमा रोजगारको अवस्था सृजना हुन सकेमा वैदेशिक रोजगारमा जानेको संख्या कम हुन सक्ने बताए ।

अध्ययन क्षेत्रभित्र पर्ने निम्न वर्गीय परिवारमा जन्मिएका वेरोजगारी समस्याबाट पार पाउने उद्देश्यले वि.सं. २०६५ सालमा पासपोर्ट बनाएका वर्ष २५ का नाम परिवर्तित रामबाबु महतोले नेपालमा भन्दा बढि कमाई गर्ने उद्देश्यले वि.सं. २०६५ सालमा विदेश (मलेसिया) गएका थिए । तर उनले भनेजस्तो काम र तलब सुविधा नभएको कारण जेनतेन १ वर्ष मलेसिया बिताई गएको ऋण पुरै चुक्ता नगरिकन नेपालमा फर्के । यहाँ आएर उसले आफू गएको ऋण तिर्नका लागि आफुसित भएको जमिन बिक्री गरेर ऋण तिर्न बाध्य भएको बताए । तर अहिले आफ्नो देशमा रहेको वेरोजगारी समस्याले गर्दा विदेश जानु नेपालीको बाध्यता भएको कुरा बताए । अहिले आएर उसले घर बनाउने पेशा अपनाएर मासिक रु. १५,०००-२०,००० कमाई रहेको बताउँछन् । अहिले उनले नेपाल सरकारलाई देशमा रहेको युवा जनशक्तिलाई अर्काको देशमा जान नपर्ने गरि स्वदेशमा नै रोजगारको अवस्था सृजना गरियोस् भन्ने चाहना गरेका छन् ।

## ५.८ वैदेशिक रोजगारले समाजमा पारेको परिवर्तनसम्बन्धी विश्लेषण

नेपाली समाजमा वृद्धि हुँदै गइरहेको वैदेशिक रोजगारले कसरी समाजलाई परिवर्तन गरेको छ । यसले समाजको सकारात्मक पक्षमा कस्तो असर पारेर सम्बन्धित देशमा गएका कामदारलाई राम्रो भविश्य दिन सक्ला वा नसक्ला भनेर अध्ययन गरिएको छ । देशमा रोजगारको अवस्था सृजना हुन सकेपछि यसको निकास खोज्नु स्वाभाविकै हो । त्यसैले नेपाल सरकारले संस्थागत रुपमा हाल ४२ वटा देशमा जानको लागि खुल्ला गरेको छ ।

नेपाली नागरिकहरु जस्तोसुकै जोखिम सहेर पनि काम गर्नका लागि जान बाध्य भएका छन् । यसबारे सरकारले त्यत्ति चासो दिएको छैन । नेपाल सरकारले विप्रेषण भित्राउने काममा मात्र ध्यान दिएको छ । विदेशमा नेपाली कामदारलाई प्रायः अदक्ष कामदारको रुपमा मानिन्छ । नेपालको अव्यवहारिक शिक्षा नीतिको कारण शिक्षि युवाहरु पनि थोरै तलबमा विदेशमा गएको देखिन्छ । जसको कारण अन्य देशका कामदार र नेपाली कामदारको बिचमा पारिश्रमिकमा पनि विभेद भएको बताइएको छ । विदेशमा नेपाली कामदारमाथि भएको उत्पिडन, हिंसा र असुरक्षाप्रति नेपाल सरकार मौन रहेको देखिन्छ । वैदेशिक रोजगारले नेपाली समाजमा सकारात्मक परिवर्तन पार्यो भन्ने सहभागीमध्ये ५० जनामध्ये ८० प्रतिशतले परिवर्तन आएको र २० प्रतिशतले परिवर्तन आएको छैन भनि

बताए । जुन उनीहरुको परिवारमा वैदेशिक रोजगारको आम्दानीले आर्थिक स्थितिमा सुधार ल्याएको बताए ।

## ५.९ वैदेशिक रोजगारको सम्बन्धमा समाजले मूल्यांकन गरेको धारणा

वैदेशिक रोजगारको सम्बन्धमा अध्ययन गर्दा अध्ययन क्षेत्रका सहभागीहरुको धारणा अनुसार आर्थिक पक्षलाई नियाल्दा सकारात्मक भएको बताए । वैदेशिक रोजगारले समाजलाई कुन दिशातर्फ लगिरहेको छ भनी हेर्दा र यस विषयमा छलफल गरि धारणा बुझ्ने प्रयास गरिएको थियो । जसमा धेरै सहभागीहरुले यस वैदेशिक रोजगारलाई मर्यादित, सुरक्षित बनाउनुपर्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । जस्तोसुकै काममा पनि सीप, योग्यता, क्षमताको आधारमा निश्चित देशमा कामदारलाई अनुमति दिनुपर्छ र सरकार पनि यसप्रति उत्तरदायि भई प्रक्रियागत रुपमा जानुपर्ने धारणा व्यक्त गरेका छन् ।

यसप्रकार सहभागीहरु दुवै समुदायमा वैदेशिक रोजगारको आम्दानीले आर्थिक स्थितिमा केहि मात्रमा सुधार ल्याएकाले सकारात्मक धारणा राखेको पाइयो । आर्थिक पक्ष र सामाजिक क्षेत्रको सम्बन्ध नङ र मासुको जस्तै हुने भएकाले आर्थिक पक्षमा सुधार आएपछि सामाजिक सम्बन्धमा सकारात्मक परिवर्तन ल्याएको छ भन्ने सहभागीहरुको धारणा रहेको पाइयो ।

# अध्याय - छ

# अध्ययनको सारांश र निश्कर्ष

## ६.१ अध्ययनको सारांश

वैदेशिक रोजगार र यसले समाजमा ल्याएको परिवर्तनसम्बन्धी विश्लेषण गर्नका लागि सर्लाही जिल्लाको कल्याणपुर वाडं नं. ५ मा अध्ययन गरिएको छ । यस अध्ययनको लागि विभिन्न समस्यालाई उठान गरिएको छ । वैदेशिक रोजगारमा संलग्न परिवार रोजगारीमा जानु अघि र गई सकेपछिको आर्थिक अवस्था कस्तो छ । वैदेशिक रोजगारमा जाने कामदारको उमेर, शैक्षिक अवस्था र जाने प्रक्रिया कस्तो छ भन्ने बारेमा पनि विश्लेषण गरिएको छ ।

वैदेशिक रोजगारमा संलग्न भएका नेपाली कामदारहरुको विषयमा मात्र विश्लेषण गरिएको छ । यो निम्न उद्देश्य राखि तयार गरिएको छ ।

१. वैदेशिक रोजगारले घरपरिवारको तहमा ल्याएको आर्थिक परिवर्तन व्याख्या पार्न ।

२. वैदेशिक रोजगारले सामाजिक र कारणहरु विश्लेषण गर्न ।

अध्ययनको उद्देश्यको आधारमा तयार पारिएका प्रश्नमा आधारित भएर वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारसँग विविध अनुसन्धान विधि, घरधुरी सर्वेक्षण, प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, समुह छलफल तथा वैयक्तिक अध्ययन गरि तथ्याङ्क संकलन गरि विश्लेषण गरिएको छ ।

अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारहरुमा सबै समुदायको संलग्न भएता पनि सबैभन्दा बढि (६२%) मधेसी समुदायबाट र सबैभन्दा कम (३८%) पहाडी समुदायबाट पाइयो । लैङ्गिक रुपमा हेर्दा ५० जना सहभागीहरुमा सबै पुरुष मात्र वैदेशिक रोजगारमा संलग्न भएको देखियो । यसरी उमेरगत हिसाबले पनि दुवै समुदायमा सक्रिय उमेर समुहका युवाहरु बढि मात्रामा वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ ।

वैदेशिक रोजगारमा संलग्नहरुको जमिनको मात्रालाई विश्लेषण गर्दा सबैभन्दा बढि (३०%) जग्गा बढि हुनेबाट देखिन्छ । दुवै समुदायमा जमिन बढि हुने परिवारबाट र जमिन कम हुने सबै परिवारबाट वैदेशिक रोजगारमा संलग्न भएको पाइयो । सहभागीहरुको भनाईमा जमिनको उत्पादनले खान पुगेता पनि नपुगेता पनि छोराछोरी पढाउन र अन्य

खर्च गर्न नपुगेकाले वैकल्पिक पेशाको रुपमा आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए ।

घरको बनावटलाई विश्लेषण गर्दा सबैभन्दा बढि (७४%) कच्ची घर र सबैभन्दा कम (१२%) मिक्स घर भएको देखियो । घरको बनावटले पनि वैदेशिक रोजगारमा संलग्न सदस्यको देश, कमाइ, समय आदि निर्धारण गरेको पाइन्छ ।

त्यसैगरि वैदेशिक रोजगारमा जानुपर्ने कारण सम्बन्धमा सबैभन्दा बढि (३४%) गरिवीको कारणले र सबैभन्दा कम (१६%) धेरै कमाइ गर्नका भन्ने घरधुरी देखियो । जसले गर्दा घरमा बूढाबुढी र बालबच्चा मात्र भएकाले महिलाहरुमाथि दोहोरो जिम्मेवारी थपिन गई घरभन्दा पनि बाहिर महिलाहरु आएको देखिन्छ । जसले गर्दा समाजमा लैङ्गिक विभेद कम भएको देखिन्छ र वैदेशिक रोजगारबाट प्राप्त आम्दानीले सहभागीहरुको परिवारको आर्थिक अवस्थामा सुधार आई सामाजिक सम्बन्धमा पनि सुधार आएको देखिन्छ ।

वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको शैक्षिक विवरणलाई हेर्दा सबैभन्दा बढि (५०%) दश कक्षाभन्दा कम र सबैभन्दा कम (१०%) आइ.ए. वा सोभन्दा माथि भएको पाइयो । वैदेशिक रोजगारमा संलग्नका घरपरिवारका बालबालिकाको शैक्षिक अवस्थालाई हेर्दा रोजगारमा संलग्न हुनुभन्दा अगाडी सरकारी स्कुलमा अध्ययन अध्ययन गराएको पाइयो । तर वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा सुधार आएकाले तुलनात्मक रुपमा सबैजसो घरपरिवारको बालबालिका निजी स्कुलमा पढाउन शुरु गरेको बताए ।

रोजगारमा संलग्न हुनुभन्दा अगाडीको पेशागत विवरणलाई हेर्दा सबैभन्दा बढि (४७%) मजदुरी पेशा गर्ने र सबैभन्दा कम (४%) व्यापार गर्ने संलग्न भएको देखियो । विभिन्न पेशामा संलग्न भए पनि त्यस पेशाबाट प्राप्त आम्दानीले आफ्नो परिवारको पालन पोषणमा गाह्रो भएकाले वैदेशिक रोजगारमा संलग्न भएको बताए ।

वैदेशिक रोजगारबाट फर्किएपछिको पेशागत विवरणलाई विश्लेषण गर्दा सबैभन्दा बढि (३७%) व्यापार गर्ने र सबैभन्दा कम (१०%) मजदुरी गर्ने देखियो । वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा वृद्धि भएकाले पेशामा पनि परिवर्तन भएको देखिन्छ ।

वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोगलाई विश्लेषण गर्दा सबैभन्दा बढि (४३%) ले ऋण तिरे र सबैभन्दा कम (७%) ले अन्यमा खर्च गरे भन्ने देखियो । सम्रगमा सहभागीहरुको भनाइको आधारमा अल्पकालिन रुपमा भए पनि वैदेशिक रोजगारले

उनीहरुको अवस्थामा सुधार ल्याई सकारात्मक परिवर्तन भएको र केहिले खासै परिवर्तन नभएको बताए ।

वैदेशिक रोजगारमा सिकेको सीप सम्बन्धी विश्लेषण गर्दा सबैभन्दा बढि (५७%) सीप सिकिन भन्ने र सबैभन्दा कम (४३%) सीप सिके भन्ने देखियो । सहभागीहरुको भनाइमा सामान्य कामदारको रुपमा विदेश जाने गरेकाले सीपमूलक काममा संलग्न हुन नपाएको बताए भने केहिले मात्र सीप सिकेर फर्केको बताए ।

त्यस्तै रोजगारबाट फर्कदा भाषा सिके वा सिकेन भनी विश्लेषण गर्दा (५०%) बराबर नै देखियो । सहभागीका भनाइमा आगामी दिनमा भाषा सिकेर सम्बन्धित देशमा जाँदा सहज हुने कुरा बताए ।

वैदेशिक रोजगारमा संलग्नहरुको आर्थिक स्थितिमा पारेको परिवर्तन विश्लेषण गर्दा सबैभन्दा बढि (८८%) सुधार आएको छ भन्ने र सबैभन्दा कम (४%) झन खराब भएको छ भन्ने देखिन्छ । धेरैले त्यस आम्दानीबाट आफ्नो आर्थिक अवस्थामा केहि मात्रामा सुधार आएको र कमाइले टि.भी., मोवाइल, ल्यापटप आदि ल्याउनुका साथै केहिले जग्गा जमिन किनेको, घर बनाएको र ऋण तिरेको बताए । जसले गर्दा आर्थिक अवस्थामा सवल भएपछि सामाजिक सम्बन्धमा सुधार आएको छ भनी बताए ।

वैदेशिक रोजगारप्रतिको आकर्षण सम्बन्धमा विश्लेषण गर्दा सबैभन्दा बढि (४०%) गरिबीको कारणले र सबैभन्दा कम (१७%) धेरै कमाइ गर्नका लागि भन्ने देखियो । वैदेशिक रोजगार आकर्षण नभइ गरिबीको कारण आफ्नो घरपरिवारको पालनपोषणमा कठिनाइ भएकाले संलग्न भएको बताए ।

रोजगारबाट फर्किएका सहभागीहरुलाई पुनः जाने संभावनासम्बन्धी विश्लेषण गर्दा सबैभन्दा बढि (५०%) स्वदेशमा रोजगार पाए जान्न भन्ने र सबैभन्दा कम (१०%) यस बारेमा केहि सोचेको छैन भन्ने देखियो । तसर्थ स्वदेशमा रोजगारको अवस्था सृजना गर्न सकेमा वैदेशिक रोजगारमा जानेको संख्यामा कम गर्नसक्ने बताए ।

## ६.२ अध्ययनको निश्कर्ष

देशमा रोजगारीको अवसर कम सृजना भएको कारण वैदेशिक रोजगारलाई वैकल्पिक माध्यमको रुपमा लिइएको हो । जसले वैदेशिक रोजगारमा संलग्न परिवारहरुको आर्थिक अवस्थामा सुधार ल्याई सामाजिक सम्बन्धमा परिवर्तन ल्याएको देखिन्छ ।

अध्ययनको उद्देश्य अनुरुप सहभागीहरुले दिएको सूचनाको आधारमा यस शोधपत्रको निश्कर्षलाई तल उल्लेख गरिएको छ ।

यस वडाको कुल जनसंख्या १३२५ मध्ये पुरुष ६५९ र महिला ६६६ रहेता पनि कुल घरधुरी २३७ रहेको देखियो । अध्ययनका क्रममा ५० घरधुरीलाई नमूना छनौटका रुपमा लिइएको छ । जसमध्ये २० घरधुरीमा वैदेशिक रोजगारमा संलग्नका घरमुलीलाई र बाँकी ३० घरधुरीमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई समावेश गरिएको छ । वैदेशिक रोजगारमा जानु अघि र वैदेशिक रोजगारबाट फर्किसकेपछि उनीहरुको घरपरिवारका साथै व्यक्तिमा आएको परिवर्तन हेर्न खोजिएको हो । संलग्न व्यक्ति तथा परिवारमा दुवै समुदायमध्ये सबैभन्दा बढि मधेसी समुदायबाट र सबैभन्दा कम पहाडी समुदायबाट भएको देखियो ।

सम्रगमा यस अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा जाने मानिसहरु सक्रिय उमेर समुहका तर निरक्षर मजदुरी पेशा अपनाएका देखियो । महिला संलग्नता शुन्य हुनुमा पितृसत्तात्म समाज देखिन्छ । यस रोजगारमा संलग्न परिवारको पेशागत विवरणलाई हेर्दा सबैभन्दा कम आम्दानी बढि हुनेबाट र सबैभन्दा बढि आम्दानी कम हुनेबाट संलग्न भएको देखिन्छ ।

जमिनको अवस्थालाई हेर्दा खान पुग्ने र नपुग्ने दुवै समुदायबाट वैदेशिक रोजगारमा संलग्न भएको देखिन्छ । घरको वनावटलाई विश्लेषण गर्दा सबैभन्दा बढि कच्ची घर भएका र सबैभन्दा कम मिक्स घर भएका पनि मधेसी समुदायको देखियो । यस रोजगारमा संलग्न भएपछि सबैभन्दा बढिले आम्दानीमा सुधार आएको र सबैभन्दा कमले मात्र सुधार नआएको बताए ।

रोजगारमा संलग्न हुनुपर्ने कारण सम्बन्धमा विश्लेषण गर्दा सबैभन्दा बढि गरिवीको कारणले र सबैभन्दा कम धेरै कमाइ गर्नका लागि भन्ने देखियो ।

रोजगारबाट फर्किएका व्यक्तिहरुको उमेरगत विवरणलाई विश्लेषण गर्दा सबैभन्दा बढि २०-३० वर्षसम्मका र सबैभन्दा कम ४० वर्ष भन्दा माथिका देखिन्छ । शैक्षिक विवरणलाई विश्लेषण गर्दा सबैभन्दा बढि दश कक्षाभन्दा कम पढेका र सबैभन्दा कम आइ.ए वा सोभन्दा बढि पढेका संलग्न भएको देखिन्छ ।

वैदेशिक रोजगारबाट फर्केपछिको पेशागत विवरणलाई हेर्दा सबैभन्दा बढि व्यापार गर्ने र सबैभन्दा कम मजदुरी गर्ने देखियो । आर्जित रकमको उपयोगलाई विश्लेषण गर्दा

सबैभन्दा बढि ऋण तिरे भन्ने र सबैभन्दा कम अन्यमा खर्च गरे भन्ने देखियो । रोजगारमा सिकेको सीपसम्बन्धी विश्लेषण गर्दा सबैभन्दा बढिले सीप सिकिन र सबैभन्दा कमले मात्र सीप सिके भन्ने देखियो ।

भाषासम्बन्धी विश्लेषण गर्दा भाषा सिकेर आएका र नआएका बराबरी नै देखियो । सहभागीहरुको आर्थिक परिवर्तनसम्बन्धी विवरण विश्लेण गर्दा सबैभन्दा बढि सुधार आएको छ भन्ने र सबैभन्दा कम झन खराब भएको छ भन्ने देखियो ।

सहभागी परिवारको सामाजिक परिवर्तनसम्बन्धी विश्लेषण गर्दा सबैभन्दा बढि परिवर्तन आएको छ भन्ने र सबैभन्दा कम परिवर्तन आएको छैन भन्ने देखियो । संलग्नलाई वैदेशिक रोजगारप्रति आकर्षण र पुनः जाने संभावनासम्बन्धी विवरण विश्लेषण गर्दा सबैभन्दा बढि गरिबीको कारण र सबैभन्दा कम धेरै कमाइ गर्नका लागि भन्ने देखियो ।

रोजगारबाट फर्किएकाहरुलाई पुनः जान चाहनुहुन्छ भन्ने संभावनासम्बन्धी विश्लेषण गर्दा सबैभन्दा बढिले स्वदेशमा रोजगार पाए जान्न र सबैभन्दा कमले मात्र यस वारेमा सोचेको छैन भन्ने बताए ।

वर्तमान समयमा वैदेशिक रोजगारमा जाने प्रचलन बृद्धि हुँदै गइरहेको छ । यस रोजगारीका लागि जानेमा धेरै जनशक्ति तलबी रोजगारमा संलग्न भएका छन् भने केहि जनशक्ति स्वयं स्वरोजगारमा संलग्न भएका छन् । तसर्थ वैदेशिक रोजगारीका लागि Push Factor मा रोजगारका अबसर कम हुनु, गरिबी, द्वन्द आदि छन् भने Pull Factor मा धेरै अबसर, राम्रो जीवनस्तर, अध्ययन, उधोगधन्दा आदि छन् ।

यस रोजगारमा सहभागीहरुको आर्थिक अवस्थामा सुधार ल्याएता पनि यो पेशा दिर्घकालिन रुपमा रहिरहन नसक्ने अवस्था देखिन्छ । सहभागीहरु धेरैजसोले सस्तो मूल्यमा अर्धदक्ष श्रमिकको रुपमा विदेशमा काम गरेको पाइन्छ । जसको कारण स्वदेशमा रोजगारको अभावले वैदेशिक रोजगारमा जाने गरेको पाइयो र वैदेशिक रोजगारले बजारमुखी भइ रोजगारबाट फर्कदा आफ्नो परिवारको लागि विविध सामानहरु (घडी, टेलिभिजन, ल्यापटप, मोवाइल आदी) खरिद गर्दा विदेशमा कमाएको पुँजी विदेशमा नै छाडेर आएको पाइयो ।

यसरी अध्ययन क्षेत्रमा विश्व बजारमा पाइने वस्तुहरु प्रयोग गर्दै विश्वव्यापीकरण-तर्फ अगाडी बढेको देखिन्छ भने अर्कातिर विदेशी सामानको खरिद गर्दा आफुले कमाएको रकम विदेशमा नै फर्किएको देखियो । जसको कारण वैदेशिक रोजगारले परनिर्भरताको स्थिति सृजना गरेको देखिन्छ ।

जसको कारण स्थानिय क्षेत्र अथवा पृष्ठ क्षेत्रमा युवा जनशक्तिको अभावका कारण विकास निर्माण, स्थानिय घरेलु उघोग तथा साना उघोग बन्द हुने अवस्थामा छन् । अध्ययन क्षेत्रमा स्थानिय स्तरमा विकासका संभावनाहरु प्रशस्त भएता पनि नाफामूलक उत्पादन हुन नसकेको कारण युवा जनशक्ति वैदेशिक रोजगारमा जाने आकर्षण वृद्धि हुँदै गइरहेको छ ।

## सन्दर्भ सामाग्री

**नेपाली :**


के.सी., नवराज (२०६६), नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगारले खेल्न सक्ने भुमिका, काठमाडौं, वैदेशिक रोजगार पत्रकार संघ ।

केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं (२०६८), नेपाल जीवनस्तर सर्वेक्षण २०६६/२०६७ ।

गौतम, मित्रलाल, (२०५८), वैदेशिक रोजगार र यसको प्रभावः एक अध्ययन, शोधपत्र समाजशास्त्र/मानवशास्त्र, पाटनमा प्रस्तुत शोधपत्र ।

डाँगी, युवराज (२०६८):, वैदेशिक रोजगार र यसको प्रभाव, एक अध्ययन, शोधपत्र समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

दाहाल, गणेश (२०६६), वैदेशिक रोजगारका विविध पक्षहरु, प्याराडाईज इन्टरनेशनल प्रा. लि. नयाँबानेश्वर ।

नेपालमा गरिबी, (२०६८), प्रारम्भिक नतिजा, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं ।

नेपाल सरकार वैदेशिक रोजगार ऐन, २०४२, २०६४ कानुनी किताब व्यवस्था समिति, ववरमहल, काठमाडौ ।

पण्डित, सूर्यकुमार (२०५६), नेपालमा वैदेशिक रोजगार, काठमाडौंः वैदेशिक रोजगार पत्रकार संघ ।

पोखरेल, नारायणदत्त (२०५७), वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभावः एक अध्ययन, शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

राष्ट्रिय जनगणना, (२०६८), प्रारम्भिक नतिजा, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं ।

राष्ट्रिय जनगणना, (२०५८), केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं ।

रेकर्ड खाता, श्रम तथा वैदेशिक रोजगार मन्त्रालय तिनकुने, काठमाडौं ।

सानो किसान कृषि सहकारी संस्था (२०५८), शंकरपुर, सर्लाही ।

# English :


Monlar, A, (1981) Economic strategis and Economic constraints, In Asian Highland Societies: An Anthropological Perspective, New Delhi.

Mariam Elizabeth and ShethZulfi, Lee's theory of migration, Lee's laws divides factors causing, www.economistindia. Files. wordpress.com/2011/05/ The rises-of-migration.docx.

Ritzer G. (1992), Socioological Theory, New York Mac - Grew Hill International.

www.baidesikrojgar.com.np.

Aakarshan International Pvt. Ltd, www.amanpower.com, Aug9, 2010: 1/project/front/index.php?action=static & content id=76

Americadarpan.com/nepali/newsbase/nid/24414 (july 29, 2011: 4).

Foreign Employment Sector Promotion Board, www.fepb.gov.np, 1/2012: 1/downlodefile/recognized 20% country 20120420021555 pdf.

Foreign Employment Sector, www.dofe.gov.np/innerpage.php?page id=60/01-2012:1

MaharjanBalkirshan, www.souryadaily.com/o9/2012/09134957.html

Sharma Netra Prasad, nabanetra.blogspot.com, o8/2008: 3/blog - post - html.

www.weeklynepal.com/index.php/o8-12-2011,

www.ekantipur.com/np/06/24/2066/full-news1338487/

## वैदेशिक रोजगार र यसले समाजमा ल्याएको परिवर्तनसम्बन्धी शोधपत्र तयारीको लागि तयार गरिएको प्रश्नावलीका नमूना

## अनुसूची - १

## वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवारका लागि तयार गरिएको प्रश्नावली

उत्तरदाताको नाम :–

परिवार संख्या :– मिति :–

धर्म :– जात :–

गा.वि.स. :– वडा नं. :–

| लिङ्ग | घरपरिवारको नामावली | घरमुलीसँगको नाता | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|---|
| | | | | | |

## आर्थिक क्षेत्रः

१. तपाइको मुख्य पेशा के हो ?
(क)कृषि (ख)व्यापार (ग)नोकरी (घ)मजदुरी ।

२. यो पेशामा कहिलेदेखि संलग्न हुनुभएको हो ?

३. तपाइको जग्गा जमिन छ कि छैन ?
(क)छ (ख)छैन ।

(i) यदि छ भने तपाईसँग जग्गा जमिन कति छ ?
(क)० देखि ३ कठ्ठा (ख)३ देखि ६ कठ्ठा (ग)६ देखि ९कठ्ठा
(घ)९ देखि १२ कठ्ठा (ङ)१२ देखि १५ कठ्ठा (च)१५ देखि २० कठ्ठा
(छ)२० देखि माथि ।

४. यति जग्गाको उब्जनीले खान पुग्छ त ?
(क)पुग्छ (ख)पुग्दैन

(i) यदि पुग्दैन भने वर्षमा कति महिना पुग्दैन ?

(ii). त्यसोभए तपाईले कसरी जीवन यापन गरिरहनु भएको छ ?
(क) ज्याला मजदुरी गरेर (ख)व्यापार-व्यवसाय गरेर (ग)अरुको जमिन अधियाँ लिएर (घ)अरुको जमिन ठेक्का लिएर (ङ)अन्य ।

५. तपाइले आफ्नो जमिन अरुलाई कमाउन दिनुभएको छ ?
(क)छ (ख)छैन ।

६. तपाइको कुन प्रकारको जग्गा जमिन रहेको छ ?
(क)पानी लाग्ने (ख)पानी नलाग्ने ।

(i) तपाइले जग्गामा खाधान्न के-के उत्पादन गर्नहुन्छ ?
(क)धान (ख)मकै (ग)तरकारी (घ)फलफूल (ङ)उखु
(च)बेसार (छ)अन्य ।

७. घरको लागि मात्र उत्पादन गर्नहुन्छ कि बेच्नको लागि ?

(i) यदि बेच्नुहुन्छ भने तपाइको वार्षिक आम्दानी कति हुन्छ ?

८. तपाई यस पेशाप्रति सन्तुष्ट हुनुहुन्छ ?

(क)सन्तुष्ट छु (ख)सन्तुष्ट छैन ।

९. यदि सन्तुष्ट भए किन हुनुहुन्छ ?

१०. यदि सन्तुष्ट नभए किन हुनुहुन्न ?

११. घरको किसिमः– (अवलोकनबाट)

| कच्ची | पक्की | मिक्स (दुवै) |
|---|---|---|
| | | |

१२. तपाइको घरमा यातायातको साधन के-के छ ?

(क)साइकल (ख)मोटर साइकल (ग)ट्याक्टर (घ)अन्य ।

१३. तपाइको घरमा सञ्चारको साधन के-के छ ?

(क)रेडियो (ख)टेलिभिजन (ग)मोवाइल (घ)कम्प्यूटर (ङ)अन्य ।

१४. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि परिवारमा तलको परिवर्तन के-के देखा परेका छन्ः–

(i) आर्थिक परिवर्तनमा के-के परेको छ ?

(क)पेशा (ख)आम्दानी (ग)उत्पादन (घ)उपभोग

(ङ)खर्च (च)अन्य ।

(ii) सामाजिक सम्बन्धमा (क्षेत्र) के-के परिवर्तन परेको छ ?

(क)शिक्षा (ख)जातजाति (ग)धर्म (घ)उमेर

(ङ)लिङ्ग (च)अन्य ।

१५. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि कमाएको पैसाले के गर्नुभयो ?

(क)ऋण तिरे (ख)घर बनाए (ग)जग्गा किने

(घ)व्यापार गरे (ङ)अन्य ।

१६. वैदेशिक रोजगारले तपाईको परिवारको आर्थिक स्थितिमा सुधार ल्याएको छ ?

(क)सुधार ल्याएको छ (ख)उस्तै छ (ग)झन बिग्रिएको छ ।

## सामाजिक क्षेत्रः

१. तपाइको कति जना छोराछोरी वैदेशिक रोजगारमा गएका छन् ?

| छोराछोरी | संख्या | देश |
|---|---|---|
| छोरा | | |
| छोरी | | |

२. तपाइको छोराछोरीलाई कस्तो प्रकारको स्कुलमा पढाउनु भएको छ ?

(क)सरकारी स्कुल (ख)निजी स्कुल (ग)सामुदायिक स्कुल ।

(i) तपाइको छोरीलाई कस्तो स्कुलमा पढाउनु भएको छ ?

(ii) तपाइको छोरालाई कस्तो स्कुलमा पढाउनु भएको छ ?

३. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि छोराछोरीको शैक्षिक अवस्थामा परिवर्तन आएको छ ?

(क)छ (ख)छैन ।

(i) यदि परिवर्तन आएको छ भने के परिवर्तन आएको छ ?

(ii) यदि परिवर्तन आएको छैन भने किन आएको छैन ?

४. तपाइको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपछि गर्दै आउनु भएको सामाजिक कार्यमा (विकास निर्माण) परिवर्तन गर्नु भएको छ ?

(क)छ (ख)छैन ।

(i) यदि छ भने के कुरामा परिवर्तन गर्नुभएको छ ?

(ii) यदि छैन भने के कुरामा परिवर्तन गर्नुभएको छैन् ?

५. तपाई समाजमा हुने सामाजिक क्रियाकलाप (विकास निर्माण) मा सहभागी हुनुहुन्छ ?

(क)हुन्छु (ख)हुँदिन ।

(i) यदि हुनुहुन्छ भने के-के मा संलग्न हुनुहुन्छ ?

६. वैदेशिक रोजगारले तपाइको परिवारको सामाजिक सम्बन्धमा परिवर्तन ल्याएको छ ?

(क) ल्याएको छ (ख) ल्याएको छैन ।

(i) यदि ल्याएको छ भने कुन-कुन कुरामा परिवर्तन ल्याएको छ ?

(ii) यदि ल्याएको छैन भने किन परिवर्तन ल्याएको छैन् ?

धन्यवाद !

# अनुसूची – २

## वैदेशक रोजगारबाट फर्किएका व्यक्तिका लागि तयार पारिएको प्रश्नावली

उत्तरदाताको नाम :–

परिवार संख्या :– मिति :–

धर्म :– जात :–

गा.वि.स. :– वडा नं. :–

| क.सं. | घरपरिवारको नामावली | घरमुलीसँगको नाता | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|---|
| | | | | | |

१. तपाईको वैदेशिक रोजगारमा जानु अघि मुख्य पेशा के थियो ?

(क)कृषि (ख)अध्ययन (ग)मजदुरी (घ)डाइभिङ्ग

(ङ)वेरोजगार (च)अन्य ।

२. तपाइको यस पेशाले वार्षिक आम्दानी कति हुन्थ्यो ?

३. तपाइको आम्दानिले खर्च पुग्थ्यो ?

४. घरको किसिमः– (अवलोकनबाट)

| कच्ची | पक्की | मिक्स (दुवै) |
|---|---|---|
| | | |

५. तपाइले वैदेशिक रोजगारमा जाने प्रेरणा कसरी पाउनु भयो ?

(क)घरपरिवारको सल्लाहले (ख)गरिबीको कारणले

(ग)साथिभाई गएको देखेर (घ)धेरै कमाइ गर्नका लागि ।

६. वैदेशिक रोजगारमा जानुपर्ने मुख्य कारण के हो ?

७. वैदेशिक रोजगारमा जानको लागि तयारी समय कति लाग्यो ?

८. वैदेशिक रोजगारमा तपाई कसमार्फत जानुभएको हो ?

९. वैदेशिक रोजगारमा जानको लागि लागत (खर्च) कति लाग्यो ?

१०. खर्च कसरी जुटाउनु भयो ?

११. तपाईले वैदेशिक रोजगारबाट कुनै भाषा सिकेर आउनु भएको हो ?

(क)हो (ख)होइन ।

(i) यदि हो भने कुन भाषा सिकेर आउनुभयो ?

१२. तपाईले वैदेशिक रोजगारबाट कुनै सीप सिकेर आउनु भएको हो ?

(क)हो (ख)होइन ।

(i) यदि हो भने कुन सीप सिकेर आउनु भयो ?

(ii) त्यो सीप नेपालमा काम लाग्यो ?

(क)लाग्यो (ख)लागेन ।

१३. पहिला कुन देश गएर आउनु भएको हो ?

(क)मलेसिया (ख)साउदी अरब (ग)कतार (घ)दुबई

(ङ)द.कोरिया (च)कुवेत (छ)अन्य ।

१४. कुन कामका लागि जानु भएको हो ?

(क)सुरक्षा गार्ड (ख)ड्राइभर (ग)मजदुरी (घ)अन्य ।

१५. तपाइको वैदेशिक रोजगारमा वार्षिक आम्दानी कति हुन्थ्यो ?

१६. वैदेशिक रोजगारमा गएपछि तपाइको परिवारको स्थितिमा परिवर्तन आएको छ ?

(क)परिवर्तन आएको छ (ख)परिवर्तन आएको छैन ।

(i) यदि परिवर्तन भएको भए के परिवर्तन आएको छ ? बताउनुहोस् ।

१७. वैदेशिक रोजगारमा कति समय बिताउनु भयो ?

१८. तपाई वैदेशिक रोजगारबाट किन फर्कनु भएको हो ?

(क) पूनः जाने विचारले छुट्टि लिएर (ख) काम सकिएर

(ग) काम गाह्रो भएर (घ) तलब-सुबिधा आकर्षण नभएर ।

१९. वैदेशिक रोजगारबाट कमाएको पैसाले के गर्नुभयो ?

(क)ऋण तिरे (ख)जग्गा किने (ग)घर बनाए (घ)अन्य ।

२०. वैदेशिक रोजगारबाट फर्किएपछि हाल के गर्दै हुनुहुन्छ ?

(क) कृषि (ख) व्यापार (ग) नोकरी (घ)मजदुरी

(ङ) बेरोजगार (च)अन्य ।

२१. वैदेशिक रोजगारमा पूनः जान चाहनुहुन्छ ?

(क) पूनः जान चाहन्छु (ख)चाहन्न (ग)स्वदेशमा रोजगार पाए जान्न

(घ) केहि सोचेको छैन ।

२२. स्वदेशको भन्दा विदेशको कमाइ बढि भयो ?

(क)आम्दानी बढि भयो (ख)आम्दानी उस्तै भयो (ग)आम्दानी झन घट्यो ।

२३. वैदेशिक रोजगारले तपाइको परिवारको आर्थिक स्थितिमा परिवर्तन आएको छ ?

(क)सुधार आएको छ (ख)उस्तै छ (ग)झन खराब भएको छ ।

(i) यदि सुधार आएको छ भने के-के भएको छ ?

२४. वैदेशिक रोजगारपछि तपाइलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ ?

(क)परिवर्तन आएको छ (ख)परिवर्तन आएको छैन ।

(i) यदि छ भने के-के परिवर्तन आएको छ ?

२५. तपाई सामाजिक कार्य (विकास निर्माण) मा कत्तिको सहभागि हुनुहुन्छ ?

(क)हुन्छु (ख)हुँदिन ।

(i) यदि हुनुहुन्छ भने के-के मा सहभागी हुनुहुन्छ ?

२६. तपाई पहिलादेखि कै विकास निर्माणको कार्यमा सहभागि हुँदै आउनु भएको हो ?

(क)हो (ख)भर्खरै (ग) होइन ।

(i) यदि भर्खरै सहभागी हुनु भएको भए के कारणले सहभागी हुन भएको हो ?

२७. वैदेशिक रोजगारभन्दा अगाडी तपाइको परिवारलाई समाजमा कसरी हेरिन्थ्यो ?

२८. वैदेशिक रोजगारमा संलग्नपछि तपाइको परिवारलाई कसरी हेर्ने गरिएको छ ?

२९. तपाइले वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अघि सामाजिक कार्य (विकास निर्माण) गर्ने खर्च कसरी जुटाउनुहुन्थ्यो ?

(क)ऋण लिएर (ख)आफ्नो बचतले (ग)अन्य ।

(i) अहिले ति सामाजिक कार्य गर्ने खर्च कसरी जुटाइ रहनु भएको छ ?

(क)आफ्नो कमाइले (ख)विदेशको कमाइले (ग)बचत रकमबाट (घ)अन्य ।

३०. तपाई अहिले सरसापट दिनसक्ने हुनु भएको छ ?

(क)छ (ख) छैन ।

(i) यदि दिनसक्ने हुनुभएको भए के कारणले भएको हो ?

३१. तपाइले वैदेशिक रोजगारपछि धर्म परिवर्तन गर्नु भएको हो ?

(क)हो (ख)होइन ।

(i) यदि हो भने कुन धर्म परिवर्तन गर्नु भएको छ ?

धन्यवाद !

# अनुसूची - ३

## समुह छलफलका लागि तयार पारिएको प्रश्नावली

१. वैदेशिक रोजगारप्रति आकर्षण बढ्नाको कारणहरु के-के होलान् ?

२. वैदेशिक रोजगारमा जाने प्रक्रिया कस्तो रहेको छ ?

३. वैदेशिक रोजगारले आर्थिक स्थितिमा कस्तो परिवर्तन ल्याएको छ ?

४. वैदेशिक रोजगारले सामाजिक सम्बन्धमा कस्तो परिवर्तन ल्याएको छ ?

५. वैदेशिक रोजगारसम्बन्धी तपाइको सल्लाह/सुझाब केहि छ भने बताइ दिनुहोस् ।

धन्यवाद !